# कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षण विधिमा आएका समस्याहरू र प्रभावकारिता

**(पुतलीबजार नगरपालिका स्याङ्जाको एक समाजशास्त्रीय अध्ययन)**

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र संकाय स्नातकोत्तर तह समाजशास्त्र विषयको दोस्रो वर्षको प्रयोजनको लागि समाजशास्त्र तथा ग्रामिण विकास विभागमा प्रस्तुत

## शोधपत्र


**प्रस्तुतकर्ता**

लक्ष्मी थापा

क्याम्पस रोल नं.:- ७८/०७२

त्रि.वि.रजिष्ट्रेशन नं.: ६-२-४८-२२५८-२०१२

परीक्षा रोल नं. ४८०५६५

पृथ्वीनारायण क्याम्पस

पोखरा, नेपाल


२०७९

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर तह समाजशास्त्र विषयको द्वितीय वर्षको प्रयोजनको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही लक्ष्मी थापाले **कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षण विधिमा आएका समस्याहरू र प्रभावकारिता (पुतलीबजार नगरपालिका स्याङ्जाको एक समाजशास्त्रीय अध्ययन)"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.............................

नारायणी सिग्देल

शोध निर्देशक

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७९/    /

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय स्नातकोत्तर तह समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा लक्ष्मी थापा ले तयार गर्नु भएको **कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षण विधिमा आएका समस्याहरू र प्रभावकारिता (पुतलीबजार नगरपालिका स्याङ्जाको एक समाजशास्त्रीय अध्ययन)"** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

....................................
नारायणी सिग्देल
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग

..................................
तेज प्रसाद सुवेदी
बाह्य परीक्षक

..................................
शिव बहादुर थापा
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
मितिः २०७९/१२/

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

यो शोध अध्ययन स्नातकोत्तर तह द्वितीय वर्ष समाजशास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यसको लागि म समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा प्रति कृतज्ञता प्रकट गर्दछु ।

यो शोध तयार गर्नको लागि आफ्नो अमूल्य समय दिएर मार्गनिर्देशन गर्नुहुने मेरा आदरणीय शोधनिर्देशक नारायण सिग्देल ज्यू प्रति हृदयदेखि नै कृतज्ञ छु । समाजशास्त्र विभागका विभागीय प्रमुख शिव थापा ज्यू प्रति आभार प्रकट गर्दछु । पुस्तक सामाग्रीहरू उपलब्ध गराइदिनुहुने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालयका पुस्तकालय प्रमुख तथा अन्य सहयोगी कर्मचारीहरूलाई पनि धेरै धन्यवाद प्रदान गर्दछु ।

क्षेत्र अध्ययनको क्रममा आफ्नो व्यस्त समयको प्रवाह नगरी मागेको सूचनाहरू प्रदान गर्नुहुने स्याङ्जा पुतली बजार स्थित श्री मातृभूमि माध्यमिक विद्यालय र ज्ञानोदय अंग्रेजी बोर्डिङ स्कुलका सम्पूर्ण उत्तरदाताहरूप्रति धन्यवाद ज्ञापन गर्दछु । साथै शोध अध्ययनको शिलशिलामा मलाई सहयोग गर्नुहुने मेरो जीवनसाथी र सम्पूर्ण परिवार साथै मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मितिः २०७९/ /

लक्ष्मी थापा

# विषयसूची

पृष्ठ

*सिफारिस पत्र* *ii*

*स्वीकृति पत्र* *iii*

*कृतज्ञता ज्ञापन* *iv*

*विषय सूची* *v*

*तालिका सूची* *vii*

**अध्याय एक : परिचय** **१–९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.१.१ नेपालमा शिक्षाको अवस्था २

१.१.२ शैक्षिक क्षेत्रमा कोभिड-१९ महामारीको असर ४

१.२ समस्या कथन ६

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको महत्व ७

१.५ अध्ययनको सिमा ७

१.६ अवधारणात्मक ढाँचा ८

१.६ अध्यनको सङ्गठन ९

**अध्याय- दुई : सन्दर्भ साहित्यको पूनरावलोकन** **१०–३०**

२.१ सैद्धान्तिक समिक्षा १०

२.१.१ सामाजिकीकरण १०

२.१.२ शिक्षा र स्वास्थ्यमा समाजशास्त्रीय सिद्धान्त १२

२.२ शिक्षामा कोभीड १९ को प्रभाव कम गर्न चीनले अपनाएका नीति १५

२.२.१ शिक्षामा कोभिड-१९को प्रभाव कम गर्न भारतले अपनाएका नीति १६

२.२.२ शिक्षामा कोभिड- १९ को प्रभाव कम गर्न नेपाल सरकारले अपनाएका नीति १८

२.३. सामान्य समिक्षा २२

२.४ शिक्षण विधि र सिकाईको अवधारणा २३

२.५ अनुभवसिक पुनरावलोकन २७

**अध्याय-तीन : अनुसन्धान विधि** **३१–३३**

३.१ अध्ययनक्षेत्र छनौटको औचित्य ३१

३.२ अनुसन्धान ढाँचा ३१
३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू ३२
३.४ समग्र तथा नमुना छनोट ३२
३.५ तथ्याङ्क संकलनका औजारहरू ३२
३.५.१ अर्न्तवार्ता अनुसूची ३२
३.५.२ समूह केन्द्रित छलफल ३३
३.७ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण ३३
**अध्याय चार : उत्तरदाताको सामाजिक आर्थिक र जनसाङ्ख्यिक अवस्था ३४-४०**
४.१ लिङ्गको आधारमा उत्तरदाताको विवरण ३४
४.२ उमेर समूहको आधारमा उत्तरदाताहरूको विवरण ३५
४.३ उत्तरदाताको जातीयता ३५
४.४ उत्तरदाताको धार्मिक पृष्ठभूमि ३६
४.५ उत्तरदाताको अभिभावकहरूको शैक्षिक अवस्था ३७
४.६ अभिभावकहरूको पेशागत वितरण ३८
४.७ विद्यालयमा उपलब्ध स्रोत तथा साधनहरूको विवरण ३९
**अध्याय पाँच : वैकल्पिक शिक्षण विधिका समस्या र प्रभावकारिता ४१-५५**
५.१ वैकल्पिक शिक्षणका साधनहरूमा विद्यार्थीहरूको पहुँच ४१
५.२ विद्यालयमा वैकल्पिक शिक्षण विधिको अवस्था ४४
५.३ वैकल्पिक शिक्षणका समस्या ४५
५.३.१ विद्यार्थीहरूले भोग्नुपरेका समस्या ४६
**अध्याय छ : मुख्य प्राप्ति र निष्कर्ष ५३**
६.१ मुख्य प्राप्तिहरू: ५३
६.२ निष्कर्ष ५५
**सन्दर्भ सामग्रीहरू ५६**
**अनुसूचीहरु ५८**
**अध्ययन क्षेत्रको नक्सा ६८**

# तालिका सूची


| तालिका | शिर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | शिक्षक, विद्यार्थी, अभिभावक तथा विव्यस र संस्थापकहरूको विवरण | ३४ |
| ४.२ | उमेरको आधारमा उत्तरदाताको विवरण | ३५ |
| ४.३ | उत्तरदाताको जातजातियता अनुसार संख्या विवरण | ३६ |
| ४.४ | उत्तरदाताको धार्मिक पृष्ठभूमि | ३६ |
| ४.५ | अभिभावकहरूको शैक्षिक विवरण | ३७ |
| ४.६ | अभिभावकहरूको पेशागत वितरण | ३८ |
| ४.७ | विद्यालयमा उपलब्ध स्रोत साधनहरूको विवरण | ३९ |
| ५.१ | वैकल्पिक शिक्षणका साधनहरूमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पहूँच | ४१ |
| ५.२ | वैकल्पिक शिक्षणका साधनहरूमा सामुदायीक विद्यालयका विद्यार्थीहरूको पहूँच | ४२ |
| ५.३ | वैकल्पिक शिक्षणका साधनहरूमा संस्थागत विद्यालयका शिक्षकहरूको पहूँच | ४३ |
| ५.४ | वैकल्पिक शिक्षणका साधनहरूमा सामुदायीक विद्यालयका शिक्षकहरूको पहूँच | ४४ |
| ५.५ | वैकल्पिक शिक्षणविधि मार्फत सहभागि विद्यार्थीहरूको विवरण | ४५ |
| ५.६ | वैकल्पिक शिक्षणमा संस्थागत विद्यालयका विद्यार्थीहरूले भोग्नुपरेका समस्याहरू | ४६ |
| ५.७ | वैकल्पिक शिक्षणमा सामुदायीक विद्यालयका विद्यार्थीहरूले भोग्नुपरेका समस्याहरू | ४७ |
| ५.८ | वैकल्पिक शिक्षणमा संस्थागत विद्यालयका शिक्षकहरूले भोग्नुपरेका समस्याहरू | ४९ |
| ५.९ | वैकल्पिक शिक्षणमा सामुदायीक विद्यालयका शिक्षकहरूले भोग्नुपरेका समस्याहरू | ५० |
| ५.१० | वैकल्पिक शिक्षण विधिहरूको प्रभावकारिता सम्बन्धी विद्यार्थीहरूको धारणा | ५१ |
| ५.११ | वैकल्पिक शिक्षण विधिको प्रभावकारिता सम्बन्धी शिक्षकहरूको धारणा | ५२ |

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सन् २०१९ को डिसेम्वर अन्त्यतिर चीनको हुवेइ प्रान्तको वुहान सहरमा रुघाखोकीको जस्तै लक्षण र चिन्हहरू देखिने अज्ञात रोग देखियो । बिस्तारै यो रोग चीनको अन्य भागमा पनि फैलियो तर यसको निश्चित कारण निदान हुन सकेन र उपचार गर्दा पनि सफलता नमिले पश्चात चीनले विश्व स्वास्थ्य संगठनलाई सूचित गऱ्यो । यो रोग चीन लगायत विश्वका अन्य मुलुकहरूमा पनि फैलिदै गयो । फेब्रुअरी ११, २०२० मा International Committee on Taxonomy of Viruses (ICTV) ले यस रोगको कारण सार्स कोरोना भाइरस-२ (SARS-COV-2) भएको विधिवत घोषणा गर्यो (युनिसेफ, २०२०) । यो कोरोना भाइरसको नयाँ प्रजाति हो जुन मानिसमा पहिलो पटक पहिचान भएको हो । विश्व स्वास्थ्य संगठनले यसलाइ कोभिड-१९ नामाकरण गर्नुको साथै मार्च ११, २०२० मा विश्वव्यापी महामारी कोभिड-१९ घोषणा गर्यो । नेपालमा सर्वप्रथम माघ ९, २०७६ मा चीनको वुहान सहरमा अध्ययन गरिरहेको र त्यहाँ कोरोना महामारी देखिए पश्चात नेपाल फर्किएका ३२ वर्षीय युवकमा देखिएको थियो । त्यस पछि करीब तीन महिनासम्म नेपालमा नयाँ संक्रमण देखिएन तथापि छिमेकी देश भारत, चीन र विश्वका धेरै देशहरूमा संक्रमण फैलिनुको साथै नेपालमा पनि थप एक संक्रमित देखिए पछि नेपालले मार्च २३, २०२० (चैत्र ११, २०७६) बाट देशव्यापी बन्दाबन्दी गरी अन्तराष्ट्रिय तथा राष्ट्रिय उडानहरू बन्द गर्नुको साथै अन्तराष्ट्रिय सीमा नाकाहरू पनि पूर्णरुपमा बन्द गर्यो । त्यसैगरी देशभित्रका सम्पूर्ण शैक्षिक संस्थाहरू लगायत सार्वजनिक क्षेत्रहरू बन्द गर्यो (अर्याल, २०७७) ।

कोभिड-१९ को संक्रमणले स्वास्थ्य, शिक्षा, उद्योग ,व्यापार, पर्यटन, यातायात लगायत समग्र मानव जीबन नै नराम्ररी प्रभावित भएको पाइयो । महामारीले विश्वव्यापी मानव जीवनको नाटकीय क्षति निम्त्याएको छ र स्वास्थ्य, खाद्य प्रणाली जस्ता मानिसको आधारभूत आवश्यकतामा समेत अभूतपूर्व चुनौती प्रस्तुत गरेको छ । कोभिड १९ महामारीको कारणले हुने आर्थिक र सामाजिक अवरोध निम्त्याउनुको साथै करोडौं मानिसहरू चरम गरिबीमा पर्न सक्ने जोखिममा रहेका छन् । अनौपचारिक अर्थतन्त्रका कामदारहरू कमजोर

छन् किनभने बहुसंख्यकसँग सामाजिक सुरक्षा र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच छैन र उत्पादनशील सम्पत्तिहरूमा पहुँच गुमाएका छन् । बन्दाबन्दीको समय आम्दानी गर्ने माध्यम नहुँदा धेरैले आफ्नो र आफ्नो परिवारलाई आधारभूत आवश्यकता पुऱ्याउन असमर्थ छन् । सीमा बन्द, व्यापार प्रतिबन्ध र बन्देज उपायहरूले कृषकहरूलाई बजारमा पहुँच पुऱ्याउनबाट रोकेको छ, । कृषि मजदुरहरूलाई बाली काट्न र उत्पादन बेच्न र स्वदेशी आद्य आपूर्ति गर्न समस्या भइरहेको र महामारीले रोजगारी गुमाउनुका साथै लाखौ जिविकालाई जोखिम रहेको पाइन्छ (विश्वस्वास्थ्य संगठन, २०२०) ।

कोभिड-१९ ले सामाजिक जीवनका विभिन्न क्षेत्रमा प्रभाव पार्ने क्रममा शिक्षा क्षेत्र पनि अछुतो रहेको छैन । यस महामारीले नेपालका सबै क्षेत्र, वर्ग, लिङ्ग, समुदायका विद्यार्थीले एकैपटक पढ्न पाएका छैनन् । नेपालले पनि कोरोना अवधिमा वैकल्पिक शिक्षाको रूपमा अनलाइन, दूरसञ्चार, टिभी, रेडियो र खुला शिक्षाको प्रयोग गरी पठनपाठन सञ्चालन गरेको थियो । तर पनि समाजशास्त्रीय चलहरूको वैकल्पिक शिक्षा आर्जनमा प्रभाव पारेको छ । विशेष गरी वैकल्पिक शिक्षा अभियान पिछडिएका र सीमान्तकृत समुदायका लागि प्रभावकारी हुन सकेको छैन । अनलाइन कक्षाकोठा पहुँच र प्रभाव सबै वर्ग, लिङ्ग, जाति र क्षेत्रहरूमा समान थिएन । यसले भौगोलिक कमजोरी, इन्टरनेटको पहुँच, मोबाइल फोन, ल्यापटप लगायतका यन्त्रहरू उपलब्धता र यी यन्त्रहरू चलाउनको लागि ज्ञानको सबैमा समान थिएन । विशेष गरी अधिकांश सरकारी विद्यालयहरूले वैकल्पिक कक्षाकोठा सञ्चालन दिशानिर्देशहरूको पालना गर्न सकेनन् । जसले गर्दा समाजमा शैक्षिक खाडल झनै बढेको छ । अझ, डिजिटल वर्गहरूले सिर्जना गरेको 'डिजिटल असमानता' बम्परको रूपमा देखा परेको छ । तसर्थ अब सरकारले शैक्षिक नीति तथा कार्यक्रम बनाउँदा यी विभिन्न आयामलाई कार्यान्वयन गर्न सके नेपालको शैक्षिक क्षेत्रले पनि आगामी दिनमा आउन सक्ने समस्यालाई लिएर अगाडि बढ्न सक्छ । त्यस्तै नेपालमा स्थानीय सरकारले कोभिड-१९ को जोखिम न्यूनीकरण वा नियन्त्रणमा आएको मूल्याङ्कन गर्दै केही क्षेत्रमा विद्यालय पुनः सञ्चालनमा ल्याएको भए पनि सङ्क्रमणको जोखिम अझै व्याप्त रहेकाले विद्यालय पुनः सञ्चालनमा थप चुनौतीहरू छन् (मोक्तान २०७९) ।

### १.१.१ नेपालमा शिक्षाको अवस्था

आव २०७६/७७ सम्म आइपुग्दा नेपालमा करिव ३०,०३९ सामुदायिक र ६,४११

संस्थागत गरि ३६,४५० बालविकास केन्द्र रहेका छन् । प्रारम्भिक बालविकासको विद्यार्थी कुल भर्नादर ८६.२ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७५/७६ मा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि माध्यमिक विद्यालय छनौट गरि नमूना विद्यालयको रुपमा विकास गर्ने क्रममा थप १०० वटा बिद्यालय छनौट हुन् गइ हालसम्म यस्ता विद्यालयको संख्या ३२२ पुगेको छ ।मुलुकभर ७५३ स्थानीय तह मध्ये ६०७ स्थानीय तहमा प्राविधिक शिक्षाको सस्थागत पहुँच पुगेको छ । शैक्षिक सत्र २०७५/७६ मा १०३ स्थानीय तहमा प्राविधिक शिक्षाको पठनपाठन विस्तार भएको छ । नेपाललाई साक्षर घोषणा गर्न साक्षर नेपाल २०७६ कार्यक्रम अन्तर्गत ५३ वटा जिल्ला साक्षर घोषणा भइसकेका छन् । (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय)आर्थिक वर्ष २०७६/७७ सम्म ४३ जिल्लामा दिवा खाजा कार्यक्रम संचालन भई २२ लाख २९ हजार ३२४ विद्यार्थी लाभाम्वित भएका छन् । नेपाल सरकारका अतिरिक्त विश्व खाद्य कार्यक्रमको सहयोगमा विभिन्न ९ जिल्लाका १ लाख ८० हजार विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम संचालनमा रहेको छ ।मुलुकभर संचालित २९ हजार ६ सय ७ सामुदायिक विद्यालयमध्ये ८,३६६ विद्यालयहरूमा कम्प्युटर सुविधा उपलब्ध छ । यी विद्यालयमध्ये ३,३७६ विद्यालयहरूको शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग हुँदै आएको छ ।सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइमा थप प्रभावकारिता ल्याई गुणस्तरिय शिक्षाको प्रत्याभूतिका लागि सवै माध्यमिक विद्यालयहरूमा सूचना प्रविधिको सुविधा विस्तार गर्ने लक्ष अनुरुप आर्थिक वर्ष २०७५/७६ मा १,००० माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना भएको छ ।शैक्षिक सत्र २०७६ मा नेपालमा कुल ३५ हजार ५ सय २० वटा विद्यालय संचालनमा रहेका छन् । जसमध्ये आधारभूत ९१ देखि ५० तहमा ३५ हजार ६३, आधारभूत ९६ देखि ८ ० तहमा १६ हजार ६ सय ७० र आधारभूत (१ देखि ८ सम्म) तहमा ३५ हजार २ सय ६२ बिद्यालय संचालनमा रहेका छन् ।यसैगरी माध्यमिक तह ९९ देखि १२ ० मा १० हजार ८ सय ८९ वटा विद्यालय संचालनमा रहेका भने यसमध्ये पनि ४ हजार १ सय ८७ विद्यालयमा कक्षा ११-१२ तह संचालन भएको छ । प्रदेशगत विवरण हेर्दा सबैभन्दा बढी विद्यालय बागमती प्रदेशमा (१९.८ प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेश मा (८.९ प्रतिशत) रहेका छन् । मुलुकभरी रहेका सम्पूर्ण ९३५ हजार ५ सय २०० विद्यालय हरूमा २७ हजार ७ सय ४ सामुदायिक विद्यालय, ६ हजार ६ सय ८७ संस्थागत विद्यालय र १ हजार १ सय २९ धार्मिक विद्यालय रहेका छन् । (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) आधारभूत तह सम्म (१ देखि ८) अध्यापन हुने विद्यालयमा सामुदायिक

विद्यालय संख्या २७ हजार ६ सय ९२, सस्थागत विद्यालय ६ हजार ४ सय ४१ गरि कुल ३४ हजार १ सय ३३ ओटा विद्यालय रहेका छन् । माध्यमिक तह ९९ देखि १२० सम्म अध्यापन हुने विद्यालयहरूमा ७ हजार १ सय ५ सामुदायिक विद्यालय छन् भने ३ हजार ७ सय ४५ सस्थागत विद्यालय रहेका छन् ।शैक्षिक सत्र २०७६ मा सामुदायिक र सस्थागत विद्यालय गरि कुल ३ लाख १६ हजार ८ सय ३५ शिक्षक मध्ये करिव ४० प्रतिशत महिला शिक्षक रहेका छन् । सामुदायिक विद्यालयमा महिला शिक्षकको अनुपात ३२.७ प्रतिशत रहेको छ भने सस्थागत तर्फ यो अनुपात ४६.७ प्रतिशत रहेको छ । बागमती प्रदेशमा सबैभन्दा बढी शिक्षक (करिव २० प्रतिशत) रहेकोमा कर्णाली प्रदेशमा ७.७ प्रतिशत सहित सबैभन्दा कम शिक्षक रहेका छन् । (शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय)शैक्षिक सत्र २०७६ मा सामुदायिक तथा संस्थागत गरि कक्षा १ देखि १२ सम्म का विद्यार्थीको संख्या ८१ लाख २७ हजार २ सय ६३ जना रहेका छन् । कक्षा ११ र १२ मा मात्रै जम्मा विद्यार्थी संख्या क्रमसः ३ लाख ४९ हजार ६ सय ३ र २ लाख ९२ हजार १ सय ५३ रहेको छ ।सोहि शैक्षिक सत्रमा मुलुक भरि संचालनमा रहेका विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूको संख्या करिव ५ लाख ३८ हजार रहेका छन् । ११ ओटा विश्वविद्यालय संचालनमा रहेकोमा सबैभन्दा बढी करिव ७७ प्रतिशत( ४ लाख १५ हजार ४ सय ८२ जना) त्रिविमा र सबैभन्दा कम विद्यार्थी (करिव १ सय ९१ जना) राजर्षि जनक विश्वविद्यालयमा रहेका छन् । त्यस्तै ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ हजार २ सय ४७ जना विद्यार्थी अध्यायनरत छन् । विश्वविद्यालय अनुदान आयोगले यस अवधिमा थप १६ वटा गरि हाल सम्म जम्मा ४६ ओटा शैक्षिक सस्थाहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्याभूत प्रमाणपत्र प्रदान गरेको छ (महरा, २०२०) ।

### १.१.२ शैक्षिक क्षेत्रमा कोभिड–१९ महामारीको असर

सन् २०१९ डिसेम्बरमा चीनको वुहान सहरमा सबैभन्दा पहिला मानिसमा कोरोना ( कोभिड-१९) भाइरस देखा परेको पुष्टी भयो । त्यसपश्चात विश्व जगत नै कोरोना महामारीबाट आक्रान्त पुग्यो । कोभिड-१९ का कारणविद्यालयहरू बन्द हुदाँ संसारभरी १ अर्ब ३० करोड भन्दा बढी विद्यार्थी प्रभावित भएको तथ्याङक विभिन्न अध्ययनले देखाउँछ । नेपालको सन्दर्भमा पनि विद्यालय तथा उच्च शिक्षा, सिटिइभिटी, अन्य प्राबिधिक र अप्राबिधिक गरि करिव ८८ लाख विद्यार्थी पढाइ लेखाइबाट वन्चित भएको देखिन्छ । कोरोनाकै कारण संचालनको पूर्ण तयारीमा रहेको एसईई परीक्षा संचालन गर्न असम्भव देखिएपछि मन्त्रिपरिषदको २०७७ साल जेष्ठ २८ को निर्णयले आन्तरिक मूल्याङ्कनबाटै

विद्यालयले उक्त वर्षको प्राप्ताङ्क पठाइ एनइबिले प्रमाणीकरण गरेर प्रमाणपत्र प्रदान गर्ने निर्देशन दिएर स्कुल तहको परीक्षा सम्बन्धि अन्यौलतालाई हल गरेको थियो ।अर्कोतिर कक्षा १२, स्नातक, स्नातकोत्तर, उच्च तह, सिटि.इ.भिटी, लगायत सम्पूर्ण शिक्षा क्षेत्रका परिक्षाहरू भने विभिन्न बैकल्पिक विधि मार्फत सम्पन्न भएका थिए । डब्लु.एफ.ओ. का अनुसार संसारभरी करिव ३७ करोड विद्यार्थीहरू पोषणयुक्त खानेकुराको लागि विद्यालयमा भर पर्ने गरेका थिए र ति सम्पूर्ण विद्यार्थी विगत ४ महिना सम्म सो खानपिनबाट वन्चित भएका थिए । विशेषगरी बालबालिकाको शिक्षण सिकाइ प्रभावित हुनुको साथै सिमान्तकृत र विपन्न वर्गका बालबालिकाहरूको शिक्षा स्वास्थ्य, र पोषणमा नराम्रो प्रभाव परेको थियो (महरा, २०२०) ।

मलाला फण्डका अनुसार करिव १० मिलियन छात्राहरू कोरोना कहर समाप्त पश्चात् नियमित रुपमा विद्यालय फर्किन नसक्ने गरि प्रभावित भएका तथ्याङ्कले देखाउँछ । यसमा विद्यालय उमेरका छात्रा हरूको संख्या अधिक रहने अनुमान रहेको छ । अमेरिकी विश्वविद्यालय शिक्षामा रहेका अन्तराष्ट्रिय विद्यार्थीहरूमा चीनको हिस्सा करिव ३३.७ प्रतिशत र भारतको हिस्सा १८.४ प्रतिशत रहेको छ र कोरोनाको कारणले अधिकांश विद्यार्थी नफर्किने भएकाले यसको असर अमेरिकी अर्थतन्त्रमा पनि पर्ने दखाएको छ, भने दीर्घकालमा देशहरूको मानव संसाधन निर्माणमा समेत यसले असर पार्ने देखाएको छ ।

संसार भरी करिव १५० भन्दा बढी देशहरूमा शैक्षिक संस्थाहरू पूर्ण तथा आंशिक रुपमा बन्द हुँदा करिव ८२ प्रतिशत शिक्षकहरू काम विहिन भएका र यो क्रम बढिरहेकाले कतिपय शिक्षकहरू शिक्षण पेशा नै परिवर्तन गर्ने अथवा वैकल्पिक श्रोत खोज्ने स्तिथि शृजना हुन सक्ने विगतका महामारीहरूले पनि देखाउँदछ । विशेषगरी कम विकसित र विकासोन्मुख देशहरूमा शिक्षकहरूलाई थप चुनौती रहेको देखाउँदछ। इबोला लगायतका माहामारीपश्चात् पनि सेरा लिओन तथा लाइबेरिया जस्ता देशहरूमा शिक्षकहरूलाई पुरानो अवस्थामा फर्किन असहज भएको र यसका लागि सरकारी तवरबाट खासै समस्या समाधानका पहलहरू नचालिएको परिवेशमा नेपाल जस्ता विकासोन्मुख देशमा पनि कोभिड-१९ का कारणले यस्तो समस्या ल्याउनसक्ने र यसको प्रत्यक्ष असर सिकाइ प्रक्रियामा पर्न सक्ने देखाउँदछ (महरा, २०२०) ।

## १.२ समस्या कथन

शिक्षा समाज विकासको महत्वपूर्ण सुचक हो । व्यक्तिलाई आफ्नो अर्न्तनिहित प्रतिभाको प्रस्फुटन गराई व्यक्तित्व विकासका साथसाथै राष्ट्रिय रुपमा राष्ट्रप्रति जिम्मेवार, योग्य, दक्ष र सक्षम नागरिक जनशक्ति उत्पादन गर्ने काम पनि शिक्षाको हो । महाकारीका कारण लागु गरिएको बन्दाबन्दी बीच लाखौ विद्यार्थीहरू घरमै रहेका छन् । शहर तथा बजारका निजी विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गरिरहेका छन् । सरकारले पनि सबै विद्यार्थीहरूका लागि दूर तथा खुला शिक्षाको अवधारणा अगाडि सारेको छ तर यसले विद्यार्थीमा असमानता बढाउने हो कि भन्ने चिन्ता छ । नेपालमा करिब एक चौथाइ विद्यार्थी निजी विद्यालयमा पढ्ने गरेको बताइन्छ भने गुणस्तरका हिसाबले सामुदायिक विद्यालय अझ ग्रामीण क्षेत्रमा पढ्ने विद्यार्थी कमजोर हुने गरेको पाइन्छ । त्यसैले सबै विद्यार्थीहरूले समान रुपले यस्ता वैकल्पिक शैक्षिक विधिको उपयोग गर्न नसक्ने पनि रहेको छ ।

अनुसन्धान कार्यलाई सजिलो, भरपर्दो, उपलब्धिमुलक बनाउन अध्ययनको क्रममा आइपर्ने समस्यालाई केलाउनु अति आवश्यक हुन्छ अध्ययनको अवधिमा नै समस्या पहिचान गर्न सके अनुसन्धान कार्य सरल र सहज हुन्छ त्यसैले कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षाका चुनौति र यसले समाजमा पारेको प्रभावका बारे निम्न लिखित उत्तर खोज्ने प्रयास गरिएको छ ।

- कोभिड-१९ को समयमा अध्ययन अध्यापनमा प्रयोग भएका वैकल्पिक शैक्षिक विधिहरू के के छन् ?
- कोभिड-१९ को समयमा वैकल्पिक विधिद्वारा अध्ययन गर्दा कस्ता-कस्ता समस्याहरू भोगेका छन् ?
- वैकल्पिक शैक्षिक विधिको प्रभावकारिताप्रति विद्यार्थी र शिक्षकको धारणा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययन मुख्यगरी पुतलीबजार नगरपालिका वडा नं. १३ स्थित रहेको मातृभूमि माध्यमिक विद्यालय र श्री ज्ञानोदय अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमा केन्द्रित रहेको छ । जसको उद्देश्यहरू निम्नलिखित रहेका छन् ।

- कोभिड-१९ को समयमा अध्ययन अध्यापनमा प्रयोग भएका वैकल्पिक शिक्षण विधिहरूको पहिचान गर्ने ।

- कोभिड-१९ को समयमा वैकल्पिक विधिद्वारा अध्ययन गर्दा भोग्नु परेका समस्याहरूको पहिचान गर्ने ।
- वैकल्पिक शिक्षण विधिको प्रभावकारिता सम्बन्धी विद्यार्थी र शिक्षकको धारणाबारे अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले कोरोना महामारीको रोकथाम तथा सामना गर्नका लागि व्यापक विद्यालय बन्द गरिएका कारण बालबालिकाको शिक्षाको साथै समग्र हितमा अभूतपूर्ण जोखिम सिर्जना भएको छ विशेष गरी सीमान्तकृत बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षा र पोषणमा यसले ठूलो असर पारेको छ । विद्यार्थीहरूलाई कोभिड-१९ को संक्रमणबाट बचाउनको लागि विद्यालयहरू बन्द गरिदा विद्यार्थीहरू विद्यालय जानबाट बञ्चित छन् । जति धेरै समय बालबालिका विद्यालय जाँदैनन् उनीहरूको फेरि विद्यालय फर्किने सम्भावना त्यति नै कम हुन्छ । विद्यार्थीहरूको सिकाइमा परेको असरहरूलाई मध्यनजर गर्दै विभिन्न वैकल्पिक शैक्षिक विधिहरूको प्रयोग भइरहेको छ । यो अध्ययन महामारीको अवधिमा प्रयोग गरिएको वैकल्पिक शैक्षिक विधिको समस्या र चुनौती पहिचान गरी विद्यार्थीहरूमा पहुँच र प्रभावकारितामा समेत अध्ययन गरिएको हुँदा आगामी दिनमा विद्यार्थीहरूको सिकाइमा सुदृढ गर्दै लैजानको लागि सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको सिमा


यस शोधपत्रको निम्नलिखित सिमाहरू रहेका छन् । जसलाई तल उल्लेख गरिएको छ :

- यस शोधपत्र तयारीको क्रममा दुई वटा विद्यालयमा अध्ययनरत प्रा.वि., नि.मा.वि. र मा.वि. का विद्यार्थीहरूमा मात्र केन्द्रित रही अध्ययन गरिएको छ ।
- कक्षा प्रा.वि., नि.मा.वि. र मा.वि. मा अध्ययनरत ४० जना छात्रछात्राहरूमा केन्द्रित रही अध्ययन गरिएको छ ।
- अध्यापनको क्रममा प्रयोग भएका विधिहरू स्रोत साधनको उपलब्धताअनुसार फरक पर्ने हुँदा सबै विधिहरू उक्त विद्यालयमा समावेश नहुन पनि सक्छ ।
- कुनै निश्चित विद्यालयको विद्यार्थीहरूको मात्र अध्ययन भएको हुँदा सबै विद्यार्थीहरूसँग मेल नखान पनि सक्छ ।

## १.६ अवधारणात्मक ढाँचा

प्रस्तुत शोध पत्रमा कोभिड-१९ महामारीको समयमा विभिन्न विद्यालय तथा शिक्षण संस्थाहरूले अवलम्बन गरेको वैकल्पिक शिक्षण विधिहरू र तिनीहरूको प्रभावकारिताको बारेमा अध्ययन गरिएको छ । अध्ययनको अवधारणात्मक ढाँचामा वैकल्पिक विधिहरूको प्रभावकारितालाई आश्रित चलको रुपमा प्रस्तुत गरिएको छ भने विभिन्न वैकल्पिक विधिहरूमा दूर शिक्षा प्रणाली, छापा, श्रव्य क्यासेट, दृश्य क्यासेट, रेडियो पाठ प्रसारण, टेलिभिजन, वेवसाइट, अनलाइन सामग्रीलाई स्वतन्त्र चलको रुपमा प्रस्तत गरिएको छ । प्रस्तुत स्वतन्त्र चलका कारणहरूले गर्दा वैकल्पिक विधिहरूको प्रभावकारितामा असर पर्ने हुँदा यसलाई आश्रित चलका रुपमा प्रस्तुत गरिएको हो । यसलाई विस्तृत रुपमा चित्र नं. २.१ मा समेत देख्न सकिन्छ ।

**चित्र नं. १ अध्ययनको अवधारणात्मक ढाँचा**




**स्वतन्त्र चल** **आश्रित चल**

## १.६ अध्यनको सङ्गठन

यो अध्ययन पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्या कथन, अनुसन्धान प्रश्न, उद्देश्य, महत्व, सीमा लगायतका शीर्षकमा विषयवस्तु समावेश गरिएको छ । अध्ययनको विषयलाई विभिन्न व्याख्या तथा जानकारीबाट परिचित गराउने प्रयास यस अध्यायमा गरिएको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको अध्ययन शीर्षकअन्तर्गत सैद्धान्तिक समिक्षा, सामाजिकीकरण, शिक्षा र स्वास्थ्यमा समाजशास्त्रीय सिद्धान्त, शिक्षण विधि र सिकाइको अवधारणा, अनुभवसिक पुनरावलोकन जसअन्तर्गत विगतमा गरिएका अध्ययनहरूको समीक्षा प्रस्तुत गरिएको छ । अध्ययनको सैद्धान्तिक समिक्षा अन्तर्गत सामाजिकीकरण, शिक्षा र स्वास्थ्यमा समाजशास्त्रीय सिद्धान्त र कोभिड १९ को प्रभावको बारेमा सैद्धान्तिक समीक्षा गरिएको छ त्यस्तै शिक्षण विधि अन्तर्गत शिक्षण सिकाइमा दूर र खुला (भर्चुअल) शिक्षा विधिलाई समावेश गरिएको छ । त्यस्तै अनुभवसिक पुनरावालेकन अन्तर्गत कोभिड १९ महामारीले शिक्षामा पारेको प्रभावहरू र सामाजिक अवस्थाका सम्बन्धमा विगतमा भएका अध्ययनका विषय बनाएर गरिएका अध्ययनहरूको समीक्षात्मक विश्लेषण गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धती शीर्षकअन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र र नमुना छनौट, तथ्याङ्कको प्रकृति तथा स्रोत, तथ्याङ्क संकलनका साधन तथा प्रविधि, प्रस्तुतीकरण तथा व्याख्या समावेश गरिएको छ । अध्याय चारमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण शीर्षकमा संकलित तथ्याङ्कहरूलाई क्रमबद्ध रुपमा विभिन्न शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएको छ । अन्तिम अध्याय पाँचमा अध्ययनको सारांश, मुख्य उपलब्धि तथा निष्कर्ष प्रस्तुत गरिएको छ र शोधपत्रको अन्तिममा सन्दर्भसामग्री तथा सन्दर्भसूची अन्तर्गत अन्तर्वार्ता अनुसूचीहरूलाई समावेश गरिएको छ ।

# अध्याय- दुई

# सन्दर्भ साहित्यको पूनरावलोकन

कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव, वैकल्पिक शिक्षण विधि र तिनका प्रभावकारीताको  बारेमा सन्दर्भ साहित्यको पुनरावलोकन प्रमुख रुपमा तिन वटा महत्वपुर्ण विषयवस्तु र अवधारणाहरू माथि केन्द्रित छ । पहिलो, महामारीको समयमा सरकारी तवरबाट भए गरेका निर्णयहरू, नीति तथा व्यवस्थाहरूको रुपरेखा बारेको रहेकोछ । दोस्रो, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महामारीले विद्यालय तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको बारेमा गरिएका अध्ययन, अनुशन्धान तथा आलेखहरूको अवलोकन गरिएको छ । र अन्त्यमा माहामारीका बखत शैक्षिक संस्था र विद्यालयहरूले अवलम्बन गरेका विविध वैकल्पिक शिक्षण विधि र तिनीहरूको प्रभावकारीताको बारेमा चर्चा गरिएको छ ।

## २.१ सैद्धान्तिक समिक्षा

### २.१.१ सामाजिकीकरण

समाजिकिकरण व्यक्तिहरूले आफ्नो संस्कृति वा समाजको मूल्य, मान्यता, रीतिरिवाज र व्यवहारहरू सिक्ने र ग्रहण गर्ने प्रक्रिया हो । समाजिकिकरण मार्फत व्यक्तिले अरूसँग अन्तरक्रिया गर्न र समाजमा प्रभावकारी रूपमा जीवनयापन  तथा अन्य कार्य गर्न आवश्यक सामाजिक सीपहरू, मापदण्डहरू, र मनोवृत्तिहरू प्राप्त गर्ने गर्दछ (मैनाली, २०७७) ।

सामाजिककरण जीवनको प्रारम्भमा सुरु हुन्छ, प्राथमिक रुपमा परिवारबाट सुरु हुन्छ । बालबालिकाले आफ्ना आमाबाबु, भाइबहिनीहरू र परिवारका अन्य सदस्यहरूबाट उपयुक्त व्यवहार, मनोवृत्ति र विश्वासहरूको बारेमा सिक्छन् । उनीहरूले साथीहरूसंगको अन्तरक्रिया, विद्यालय, मिडिया, र अन्य सामाजिक संस्थाहरू जस्तै धार्मिक संस्थाहरू, क्लबहरू र खेलकुद टोलीहरू मार्फत पनि सिक्छन् । समाजीकरण जीवनभर जारी रहन्छ किनकि व्यक्तिहरूले नयाँ परिस्थितिहरूको सामना गर्छन् र विभिन्न पृष्ठभूमिका मानिसहरूसँग अन्तरक्रिया गर्छन् । यसले हाम्रो व्यक्तित्व, पहिचान र सामाजिक सम्बन्धलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ। समाजीकरणले साझा मूल्य, विश्वास र व्यवहारलाई प्रवर्द्धन गरेर समाजमा

सामाजिक व्यवस्था र स्थिरता कायम राख्न मद्दत गर्दछ जसले व्यक्तिहरूलाई सहयोग गर्न र एकसाथ मिलेर बस्न सक्षम बनाउँछ । विद्यालय र शिक्षा समाजीकरणको महत्वपूर्ण तत्वहरू हुन । विद्यालयहरूले बालबालिकाहरूलाई शैक्षिक ज्ञान मात्र होइन सामाजिक सीप र मूल्यहरू पनि सिकाउँछन्। विद्यालयहरूले समयनिष्ठता, अनुशासन र सहयोगको महत्त्वलाई बलियो बनाउँछन् । तिनीहरूले सामाजिक अन्तरक्रिया र मित्रता निर्माणको लागि अवसरहरू पनि प्रदान गर्छन् (मैनाली, २०७७) ।

शिक्षाले व्यक्तिहरूलाई समाजमा प्रभावकारी रूपमा काम गर्न आवश्यक ज्ञान, सीप र मनोवृत्ति प्रदान गरेर समाजीकरणमा महत्त्वपूर्ण भूमिका खेल्छ । शिक्षाले व्यक्तिहरूलाई सामाजिक र आर्थिक गतिविधिहरूमा भाग लिन आवश्यक सांस्कृतिक पूँजी प्राप्त गर्न मद्दत गर्दछ। शिक्षा भनेको स्कूल, कलेज र विश्वविद्यालयहरूमा हुने सामाजिककरणको औपचारिक प्रणाली हो। शिक्षाको माध्यमबाट, व्यक्तिहरूले शैक्षिक ज्ञान, सामाजिक सीपहरू, र मूल्यहरू सिक्छन् जुन उनीहरूको व्यक्तिगत र व्यावसायिक जीवनमा सफलताको लागि आवश्यक छ । उदाहरणका लागि, शिक्षाले व्यक्तिहरूलाई कसरी पढ्न, लेख्न र गणना गर्न सिकाउँछ, जुन धेरै पेशाहरूका लागि महत्वपूर्ण आधारभुत सीपहरू हुन् । शिक्षाले व्यक्तिहरूलाई कसरी प्रभावकारी रूपमा सञ्चार गर्ने, आलोचनात्मक रूपमा सोच्ने र अरूसँग सहकार्य गर्ने तरिका सिकाउँछ । शिक्षाले सांस्कृतिक मूल्यमान्यता र मान्यताहरू प्रसारित गर्न पनि महत्वपूर्ण भूमिका खेल्छ । विद्यालयहरूले बालबालिकाहरूलाई उनीहरूको समाजको इतिहास र संस्कृतिबारे सिकाउँछन्, जसले उनीहरूलाई आफ्नो सांस्कृतिक सम्पदा बुझ्न र कदर गर्न मद्दत गर्छ । शिक्षाले अख्तियारको सम्मान, विविधताप्रति सहिष्णुता र नागरिक जिम्मेवारी जस्ता मूल्यहरूलाई पनि बढावा दिन्छ। यसबाहेक, शिक्षाले व्यक्तिहरूलाई विभिन्न पृष्ठभूमिका साथीहरूसँग अन्तरक्रिया गर्ने अवसरहरू प्रदान गर्दछ । विविधताले व्यक्तिहरूलाई विभिन्न संस्कृति, परिप्रेक्ष्य र अनुभवहरूको थप सूक्ष्म समझ विकास गर्न मद्दत गर्दछ । यसले सामाजिक एकता प्रवर्द्धन गर्न र पूर्वाग्रह र भेदभाव कम गर्न पनि मद्दत गर्छ ।

सामाजिकरण र स्वास्थ्य नजिकबाट गाँसिएका छन्, र त्यहाँ धेरै तरिकाहरू छन् जसमा समाजीकरणले व्यक्तिको स्वास्थ्य परिणामहरूलाई असर गर्न सक्छ । सामाजिककरणले स्वास्थ्यलाई असर गर्ने सबैभन्दा महत्त्वपूर्ण तरिकाहरू मध्ये एक सामाजिक समर्थन हो । सामाजिक समर्थनले मद्दत र सहयोगलाई जनाउँछ जुन व्यक्तिहरूले उनीहरूको सामाजिक सञ्जालहरू, जस्तै परिवार, साथीहरू, र समुदाय समूहहरूबाट प्राप्त गर्छन् । अध्ययनहरूले

देखाएको छ कि सामाजिक समर्थनले मानसिक र शारीरिक स्वास्थ्य परिणामहरू सुधार गर्न सक्छ, किनकि यसले व्यक्तिहरूलाई तनाव, अवसाद र चिन्ताको सामना गर्न मद्दत गर्न सक्छ । थप रूपमा, सामाजिक समर्थनले सम्बद्धता र जडानको भावना प्रदान गर्न सक्छ, जुन समग्र कल्याणको लागि महत्वपूर्ण छ । सामाजिककरणले व्यक्तिको स्वास्थ्य व्यवहारलाई पनि प्रभाव पार्न सक्छ । उदाहरणका लागि, सामाजिक मापदण्डहरू र साथीहरूको दबाबले शारीरिक गतिविधि, धुम्रपान, र मदिरा सेवन जस्ता स्वस्थ वा अस्वस्थ व्यवहारहरूमा संलग्न हुने व्यक्तिको निर्णयलाई असर गर्न सक्छ । सामाजिकीकरणले स्वास्थ्य असमानताहरूमा पनि योगदान पुऱ्याउन सक्छ, किनकि पिछडिएका पृष्ठभूमिका व्यक्तिहरूले स्वास्थ्य सेवा, शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच प्राप्त गर्न ठूलो बाधाहरूको सामना गर्न सक्छन् । यसबाहेक, सामाजिककरण स्वास्थ्यको सामाजिक निर्धारकहरू, जस्तै सामाजिक आर्थिक स्थिति, जाति र जातिबाट प्रभावित हुन्छ । यी सामाजिक निर्धारकहरूले वातावरणीय विषाक्त पदार्थहरूमा व्यक्तिको जोखिम, स्वस्थ खानाहरूमा पहुँच, र स्वास्थ्य सेवा स्रोतहरूको उपलब्धतालाई असर गर्न सक्छ, जसले स्वास्थ्य परिणामहरूमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ । समाजीकरणको कमीले एक्लोपन र सामाजिक अलगपन निम्त्याउन सक्छ, जसले मानसिक र शारीरिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्छ । अनुसन्धानले डिप्रेसन, मनोवैज्ञानिक गिरावट, र हृदयघात जस्ता रोगको जोखिम बढाउँछ (मैनाली, २०७७) ।

### २.१.२ शिक्षा र स्वास्थ्यमा समाजशास्त्रीय सिद्धान्त

#### क) प्रकार्यवादी अवधारणा

प्रकार्यवादी सिद्धान्त एक समाजशास्त्रीय दर्शन हो जसले समाजलाई अन्तरनिर्भरतामा आधारीत बहुभागहरूको जटिल प्रणालीको रूपमा हेर्छ र जुन सामाजिक स्थिरता र सन्तुलन प्रवर्द्धन गर्न सँगै काम गर्दछ । यस सिद्धान्त अनुसार, शिक्षा र स्वास्थ्य प्रणाली जस्ता सामाजिक संस्थाहरूले समाजको समग्र कल्याणमा योगदान पुऱ्याउने महत्त्वपूर्ण कार्यहरू गर्दछ । शिक्षाको सन्दर्भमा, प्रकार्यवादी सिद्धान्तका अनुसार शैक्षिक प्रणालीले धेरै महत्वपूर्ण कार्यहरू गर्दछ । शिक्षा प्रणालीले सामाजिक स्थिरता र व्यवस्था कायम गर्न मद्दत गर्दछ । स्वास्थ्यको सन्दर्भमा, यस सिद्धान्तको अनुसार स्वास्थ्य सेवा प्रणालीले महत्वपूर्ण कार्यहरू गर्दछ, जस्तै रोगको रोकथाम र उपचार, स्वास्थ्य र कल्याणको प्रवर्द्धन, र स्वास्थ्य सेवा स्रोत र सेवाहरूको वितरण । यी कार्यहरू पूरा गरेर, स्वास्थ्य सेवा प्रणालीले समाजको समग्र कल्याणमा योगदान पुऱ्याउँछ । अत, कार्यात्मकता सिद्धान्तले शिक्षा र स्वास्थ्य प्रणालीलाई

समाजको अत्यावश्यक घटकको रूपमा हेर्छ जसले महत्त्वपूर्ण कार्यहरू गर्दछ र समाजको समग्र स्थिरता र सन्तुलनमा योगदान गर्दछ । यस परिप्रेक्ष्यले व्यक्ति र समाजको समग्र कल्याणलाई प्रवर्द्धन गर्न यी प्रणालीहरूलाई कायम राख्न र सुधार गर्ने महत्वलाई जोड दिन्छ (ज्ञवाली, २०२०) ।

**ख) द्वन्द्वानात्मक अवधारणा**

द्वन्द्वात्मक सिद्धान्त एक समाजशास्त्रीय परिप्रेक्ष्य हो जसले समाजलाई दुर्लभ स्रोतहरू, शक्ति र प्रभावको लागि प्रतिस्पर्धा गर्ने विभिन्न समूहहरूको रुपमा व्याख्या गर्दछ । यस सिद्धान्तले शिक्षा र स्वास्थ्य प्रणाली जस्ता सामाजिक संस्थाहरूलाई समाजमा विभिन्न समूहहरू बीचको संघर्ष र द्वन्द्वको स्थलको रूपमा हेर्छ । शिक्षाको सन्दर्भमा, द्वन्द्वत्मक सिद्धान्तका अनुसार शिक्षा प्रणालीले समाजमा प्रभावशाली समूहहरूको शक्ति र नियन्त्रण कायम राख्ने काम गर्छ भने सीमान्तकृत समूहहरूलाई शैक्षिक स्रोत र अवसरहरूमा पहुँचबाट वञ्चित गरिएको बताउँछ । यसले शैक्षिक उपलब्धि, रोजगारीका अवसरहरू र आम्दानीको सन्दर्भमा असमान परिणामहरू निम्त्याउन सक्छ, जसले स्वास्थ्य र कल्याणलाई असर गर्छ ।

स्वास्थ्यको सन्दर्भमा, द्वन्द्वात्मक सिद्धान्तले स्वास्थ्य सेवाहरूमा पहुँच पनि असमान छ र गुणस्तरीय स्वास्थ्य सेवामा सीमित प्रभावशाली समुहको पहुँचका कारण सीमान्तकृत समूहहरूले कमजोर स्वास्थ्य परिणामहरू अनुभव गर्ने सम्भावना बढी हुने कुरा बताउँछ । द्वन्द्वत्मक सिद्धान्तले यो पनि सुझाव दिन्छ कि स्वास्थ्य सेवा प्रणाली आफैंले स्वास्थ्य असमानताहरूको कारक पनि बन्न सक्छ, उदाहरणका लागि, केही स्वास्थ्य अवस्थाहरू प्रणालीगत सामाजिक र आर्थिक कारकहरूको सट्टा व्यक्तिगत व्यवहारको परिणाम हो भन्ने भाष्यलाई निरन्तरता दिएर अथवा स्वास्थ्य प्रणालीका कमजोर पक्षहरूको ढाकछोपको निम्ति व्यक्तिगत व्यवहारलाई कारक ठहर गरेर । संक्षेपमा, द्वन्द्वात्मक सिद्धान्तले शिक्षा र स्वास्थ्य प्रणालीहरूलाई समाजमा विभिन्न समूहहरू बीचको सङ्घर्ष र द्वन्द्वको स्थलको रूपमा हेर्छ र समानता र न्यायको प्रवर्द्धन गर्न यी द्वन्द्वहरू बुझ्न र सम्बोधन गर्ने महत्त्वलाई जोड दिन्छ (ज्ञवाली, २०२०) ।

### ग) अन्तरक्रियावादी अवधारणा

प्रतीकात्मक अन्तरक्रियावादी अवधारणाले व्यक्तिको भावना र वरपरको संसारप्रतिको उनीहरूको बुझाइलाई आकार दिन सामाजिक अन्तरक्रियाको महत्त्वलाई जोड दिन्छ । सिद्धान्तले सामाजिक अन्तरक्रिया र समाजीकरणलाई आकार दिन भाषा, सञ्चार र प्रतीकहरूको भूमिकालाई जोड दिन्छ । उदाहरणका लागि, प्रतीकात्मक अन्तरक्रियावादीहरूले बच्चाहरूले कसरी भाषाको व्याख्या र प्रयोग गर्न सिक्छन्, उनीहरूले कसरी सामाजिक मान्यताहरू र अपेक्षाहरू सिक्छन्, र उनीहरूले अरूसँगको अन्तरक्रिया मार्फत कसरी आफ्नो-भावना विकास गर्छन् भनेर जाँच गर्न सक्छन् । शिक्षाको सन्दर्भमा, प्रतीकात्मक अन्तरक्रियावादले शिक्षक-विद्यार्थी सम्बन्धको महत्व र शिक्षामा सञ्चार र अन्तरक्रियाको भूमिकालाई जोड दिन्छ । यस सिद्धान्तका अनुसार, सिकाइ एक सामाजिक प्रक्रिया हो जुन सञ्चार र अन्तरक्रिया मार्फत शिक्षक र विद्यार्थीहरू र विद्यार्थीहरू बीचमा हुन्छ । प्रभावकारी शिक्षकहरू ती हुन् जसले विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी हुन र एकअर्कासँग सहकार्य गर्न प्रोत्साहित गर्ने सहयोगी र आकर्षक सिकाइ वातावरण सिर्जना गर्न सक्षम हुन्छन् (ज्ञवाली, २०२०) ।

सांकेतिक अन्तरक्रियावादले शैक्षिक अनुभव र परिणामहरूलाई आकार दिन सांस्कृतिक र सामाजिक कारकहरूको महत्वलाई पनि हाइलाइट गर्दछ । विभिन्न सांस्कृतिक र सामाजिक पृष्ठभूमिका विद्यार्थीहरूले शैक्षिक सामग्री र सन्देशहरूलाई फरक तरिकाले व्याख्या र प्रतिक्रिया दिन सक्छन्, र उनीहरूको शिक्षाको लागि फरक अपेक्षा र लक्ष्यहरू हुन सक्छन् । यी सांस्कृतिक र सामाजिक कारकहरू बुझ्न एक समावेशी र समतामूलक सिकाइ वातावरण सिर्जना गर्न महत्त्वपूर्ण छ जसले सबै विद्यार्थीहरूको आवश्यकता र लक्ष्यहरूलाई समर्थन गर्दछ । स्वास्थ्यको सन्दर्भमा, प्रतीकात्मक अन्तरक्रियावादले व्यक्तिगत स्वास्थ्य व्यवहार र अनुभवहरूलाई आकार दिन सामाजिक र सांस्कृतिक कारकहरूको भूमिकालाई जोड दिन्छ । स्वास्थ्य व्यवहार र धारणाहरू सामाजिक मानदण्डहरू, सांस्कृतिक विश्वासहरू, र स्वास्थ्य र रोगसँग सम्बन्धित अर्थ र प्रतीकहरूद्वारा आकार हुन्छन् । प्रभावकारी स्वास्थ्य हस्तक्षेपहरूले यी सामाजिक र सांस्कृतिक कारकहरूलाई ध्यानमा राख्नुपर्दछ, र व्यक्तिहरूलाई उनीहरूको विश्वास, धारणा र व्यवहारको बारेमा संवादमा संलग्न गराउनु पर्छ । प्रतीकात्मक अन्तरक्रियावादले स्वस्थ व्यवहार प्रवर्द्धनमा सामाजिक समर्थन र सहकर्मी नेटवर्कहरूको महत्वलाई पनि हाइलाइट गर्दछ। व्यक्तिहरूले आफ्ना साथीहरू, परिवारका सदस्यहरू र

समुदायहरूबाट सामाजिक समर्थन र प्रोत्साहन प्राप्त गर्दा स्वस्थ व्यवहारहरू अपनाउने सम्भावना बढी हुन्छ। स्वास्थ्य हस्तक्षेपहरूले स्वस्थ व्यवहार प्रवर्द्धन गर्न र स्वास्थ्य परिणामहरू सुधार गर्न सामाजिक समर्थन र साथीहरूको नेटवर्कको लाभ उठाउन सक्छ (ज्ञवाली, २०२०) ।

## २.२ शिक्षामा कोभीड १९ को प्रभाव कम गर्न चीनले अपनाएका नीति तथा कार्यक्रमहरू

नेपाल भौगोलिक आर्थिक र जनसङ्ख्याका रुपले विशाल दुई राष्ट्र भारत र चीनको बीचमा अवस्थित छ । यसलाई दुई छिमेकी राष्ट्रले चारै तिरबाट घेरेका छन । कोभीड १९ सर्वप्रथम १७ नोभेम्बर २०१९ मा छिमेकी देश चीनको वुहानमा देखापरेपछि यसबाट नेपाल पनि अछुतो नरहने कुरामा कुनै शंका छैन यी दुई छिमेकी देशहरूले कोभीड १९ महामारी न्यूनीकरणको लागि अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू हाम्रो लागि पनि महत्वपूर्ण हुन्छ । चीनको वुहानमा देखापरे को कोभीड १९ महामारी विरुद्ध हामीहरू सबै लडिरहेका छौ तर चीनले अप्रिल २०२० सम्ममा कोभीड १९ को आक्रमणको चरम मार्ग पार गरिसकेको छ । सन २०२० को पहिलो त्रैमासिक चीनका लागि सबैभन्दा कठिन अवधि थियो। जुलाईको दोस्रो त्रैमासिक र थप एक महिनामा चीनले संक्रमण र संक्रमण बाट हुने मृत्युलाई पूर्ण रुपमा नियन्त्रणमा लिएको थियो। संक्रमित हुने व्यक्तिहरू पनि छिटो छिटो निको भइरहेका थिए । Worldoneter का अनुसार अप्रिल ३० देखि जुलाई ३१ सम्मको अन्तरालमा संक्रमितको अतिरिक्त संख्या १४३०२ मृत्यु १ जनाको मात्र थियो । चीन सरकारको नीति तथा कार्यक्रम र चिनिया जनताहरूको विश्वभर नै उच्च प्रशंसा भइरह्यो (शैक्षिक सूचना, २०७७) ।

विश्वभरिने कोभीड १९ महामारीले सबैभन्दा प्रभावित भएको क्षेत्र शैक्षिक क्षेत्र हो । महामारीबाट पहिला शिकार भएको चीनले महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि विभिन्न नीतिहरू ल्याएको छ । महामारीको समयमा सरकारी संयन्त्र शिक्षण शिक्षक व्यवस्थापन र विद्यार्थी व्यवस्थापन सबैलाई समेटेर शैक्षिक नीति ल्याएको छ । चिनको शिक्षा नीति मुख्य गरी विद्यार्थी र शिक्षक लाई महामारीबाट स्वस्थ्य र सुरक्षित राख्ने विद्यालय व्यवस्थापन पाठ्यक्रमको व्यवस्था अनलाइन शिक्षणमा आधारित छ । जुन निम्न अनुसार छन् :

- २०२० को जनवरी को अयमा सबै प्रकारका शैक्षिक गतिविधि स्थगित गरी Chinese Ministry of Education (MOE) ले अनलाइन शिक्षा सञ्चालन गर्न अनुमति दियो ।

- MOE ले अनलाइन शिक्षा सञ्चालन गर्न ४ फेरी २०२० मा "Guidance on the organization and management of online teaching and learning in regular higher education institutions जारी गर्यो जसले २२ वटा अनलाइन प्लेटफर्ममा २४ हजार उच्चशिक्षाका विषयहरू निःशुल्क अध्ययन गर्न सकिने व्यवस्था गर्यो ।
- मुख्य सामग्रीको रुपमा अनलाइन शिक्षा, स्वास्थ्य र सुरक्षा, शिक्षक तालिम विद्यार्थी व्यवस्थापन र पाठ्यक्रमको व्यवस्था समावेश गर्यो ।
- सम्पूर्ण सरकारी संयन्त्र केन्द्रदेखि स्थानीय सरकारहरू एकआपसमा समन्वय गराई परिचालन गर्यो ।
- महामारीको प्रारम्भिक चरणमा शैक्षिक गतिविधि सञ्चालन गर्न घरमै आधारित अनलाइन सिकाइ विधि अपनाईयो । शिक्षा मन्त्रालयले "Suspension of classes without suspension लाइ प्रवर्द्धन गर्न विद्यालय वर्ष ढिलो सुरु गर्नका लागि सबै तहका विद्यालयलाई सूचना जारी गर्यो र गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि टेलिभिजन र इन्टरनेटको माध्यमबाट शिक्षण विधि लागु गर्यो ।
- शिक्षकहरूको सुरक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिन शिक्षा नीति लागु गर्यो र शिक्षकहरूको प्रोत्साहन र प्रशंसा गर्नका लागि कार्यक्रमहरू सञ्चालन गर्यो ।
- अनलाइन शिक्षालाई गुणस्तरीय र उच्च प्रविधिमैत्री बनायो ।
- विद्यार्थीहरूलाई मानसिक र मनोवैज्ञानिक रुपमा मजबुत बनाउन नीति तथा कार्यक्रमहरू सञ्चालन गर्यो ।
- विदेशमा अध्ययन गर्ने विद्यार्थीहरूलाई सहयोग गर्न विश्वभरका २८० चिनीया दूतावास मार्फत कोभीड १९ स्वास्थ्य प्याकेज सञ्चालन गर्यो जसमा मास्क सेनिटाइजर चिनियाँ औषधि र सूचना पर्चा जस्ता सामग्रीहरू थिए ।
- विद्यार्थीहरूलाई आर्थिक रूपमा मजबुत बनाउन धेरै भन्दा धेरै रोजगारीका अवसरहरू सिर्जना गर्यो (शैक्षिक सूचना, २०७७) ।

### २.२.१ शिक्षामा कोभिड– १९ को प्रभाव कम गर्न भारतले अपनाएका नीति तथा कार्यक्रमहरू

कोभीड १९ को प्रभावलाई न्युनिकरण गर्न विद्यालय शिक्षा तथा साक्षरता विभाग (Department of school education and literacy) ले समग्र शिक्षा नीति अन्तरगत कुल

५७८४०५ करोड रकम विनियोजन गर्यो जसमा डिजिटल पहल मार्फत अनलाइन शिक्षा प्रवर्द्धन गर्न ८१८ १७ करोड र अनलाइन शिक्षक प्रशिक्षणको लागि रु २६७८६ करोड रक्कम विनियोजन गर्यो र अन्य नीति तथा कार्यक्रमहरू निम्नानुसार छन् :

- The national council for educational research and training a ले वेब पोर्टल र मोबाइल एप ई पाठासाला को विकास गर्यो जसमा १.८८६ अडियो सामग्री २,००० भिडीयो सामग्री र ६९६ ई बुक्स समावेश छन् ।
- एक राज्यमा एक डिजीटल प्लेटफर्म संचालन गर्नको लागि कक्षा १ देखि कक्षा १२ सम्मका विद्यार्थीहरूलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरूलाई ३१ भारतीय भाषामा अनुवाद गरी DIKSHA मोबाइल एप र Web portal को बिकास गर्यो जसमा कक्षा १ देखि कक्षा १२ सम्मका ८०,००० ई- सामाग्रीहरू विभिन्न भारतिय भाषामा अनुवाद गरी समावेश गरिएका छन् ।
- विद्यालय शिक्षा सहित उच्च शिक्षा इन्जिनीयरिङ ह्युमनिटीज सोसल साइन्स कानुन र म्यानेजमेन्ट का १९ सय विषयहरू समावेश गरी नेसनल अनलाइन एजुकेसन प्लेटफर्मको बिकास गर्यो ।
- राष्ट्रिय स्तरको डिजिटल लाइब्रेरीको स्थापना गर्यो ।
- एक हप्ता देखि १२ हप्ता सम्म का वैकल्पिक शैक्षिक क्यालेन्डर निर्माण गर्यो ।
- डिजिटल शिक्षाको लागि आवश्यक पर्ने ज्ञान र सिप सिकाउन को लागि Progyata Guideline को विकास गर्यो ।
- महामारीका कारण घर फर्केका विद्यार्थीहरूको सिकाई लाई निरन्तरता दिन शैक्षिक प्रमाणपत्र बिना परिचयपत्रको आधारमा नजिकैको सरकारी विद्यालयमा अस्थायी भर्ना गरी सिकाइलाई निरन्तरता दिने उद्देश्यले Guidelines for childreen for migrant Inbours नीति अवलम्बन गर्यो ।
- विद्यार्थी एवं शिक्षकको मानसिक एवं मनोबैज्ञानीक रुपमा मजबुत बनाउनको लागि मनोदर्पण प्रोग्राम संचालन गर्यो । (शैक्षिक सूचना, २०७७)

### २.२.२ शिक्षामा कोभिड– १९ को प्रभाव कम गर्न नेपाल सरकारले अपनाएका नीति तथा कार्यक्रमहरू

नेपाल सरकार, शिक्षा, विज्ञान तथा  तथा प्रविधि मन्त्रालयले कोभिड-१९ को सङ्क्रमणको कारण अवरुद्ध रहेको सिकाइ प्रणालीलाई सुचारु गर्न र विद्यालय जान र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्ना परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गर्न दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थित रूपमा सिकाइमा सहजीकरण गर्न वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण सहजीकरण निर्देशिका, २०७७ जारी भएको थियो । उक्त निर्देशिका बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले कक्षा १-१० को पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित भई रेडियो र टेलिभिजन सामग्री विकास गरी प्रसारण गरेको थियो । केन्द्रले प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाका लागि अभिभावकले घरमा नै गराउन सक्न सिकाइ क्रियाकलापहरू र कक्षा कक्षा ४ देखि कक्षा ८ सम्मका विद्याथी लागि स्वाध्ययन तथा क्रियाकलाप सामग्री विकास गरी पोर्टल मार्फत वितरण गरेको थियो । र अन्य नीति तथा कार्यक्रमहरू निम्नानुसार छन् (शैक्षिक सूचना, २०७७) ।

- वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण सहजीकरण निर्देशिका, २०७७ मार्फत स्थानीय तह तथा विद्यालयले स्रोत साधनम पहुँचको अवस्थाका अधारमा विद्यार्थीको पहिचान गरी वर्गीकरण निम्न बमोजिमका समुहमा वर्गीकरण गर्यो ।
    - सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समुह,
    - रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह,
    - टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह,
    - कम्प्युटर भएको तर अनलाईन कनेक्टिभिटि नभएका विद्यार्थी समुह,
    - इन्टरनेट तथा सुचना संचार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समुह,

  उल्लेखित पाँच वटा समुहमा वर्गीकरण गरिएका विद्यार्थीहरूलाई उपयुक्त हुने गरी निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्यो ।

**(क) सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समूहका लागिः**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरिएको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वाध्ययन वा सामग्रीको विद्युत प्रति तयार गरी वेवसाइटमा राख्ने, प्रदेश र स्थानीय तहले समन्वय ग उक्त सामग्री छपाइ गरी विद्यालयलाई उपलब्ध गराउने र स्थानीय तह अभ्यास पुस्तिकाहरू छपाई गरी वितरण गर्ने,

(३) समुदायमा रहेका वा रहने सिकाइ केन्द्र वा विद्यालयमा एक आपसमा भौतिक दूरी कायम गरी बसाइ व्यवस्था मिलाई श्रव्यदृष्य प्रविधि मार्फत सिक्ने, सिकाउने व्यवस्था गर्ने,

(४) स्थानीय समुदायमा रहेका शिक्षकहरू र शिक्षक नभएको अवस्थामा स्थानीय तह वा विद्यालयवाट तोकिएका स्वयम्सेवकवाट विद्यार्थीहरूका लागि सिकाइमा प्रत्यक्ष रूपमा सहयोग पुयाउने व्यवस्था गर्ने,

(५) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूहका लागिः**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सो को अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेका सामग्रीहरू केन्द्रीय रेडियोबाट प्रसारण गर्ने र यी सामग्रीहरू स्थानीय एफएम रेडियोहरूलाई निःशुल्क उपलब्ध गराउने,

(३) प्रदेश र स्थानीय तहले निःशुल्क वा न्यूनतम शुल्कमा प्रसारण गर्ने व्यवस्था मिलाउने,

(४) स्थानीय तहले आफ्नो क्षेत्रभित्र उपलब्ध शिक्षक परिचालन गरी सामुदायिक रेडियो पाठ विकास गरी प्रसारण गर्ने व्यवस्था मिलाउने, प्रसारण गर्दा अन्तरक्रियात्मक बनाउन आवश्यक प्रबन्ध गर्ने र विद्यार्थीको निगरानीको जिम्मा समुदायमा बसोवास गरिरहेका शिक्षकलाई दिने,

(५) रेडियोबाट सुन्ने र विद्यार्थीहरूले आफैले अभ्यास गर्दै सिक्ने व्यवस्थाका

लागि स्थानीय समुदायमा बसोबास गरिरहरेका शिक्षक र अभिभावकबाट निगरानीको व्यवस्थाका साथै भौतिक दूरी कायम गरी चार देखि पाँच जनाको समूहमा छलफल गर्ने व्यवस्था मिलाउने, (६) विद्यार्थीले तयार गरेको लेख रचना र घरमै बसेर गरेको परियोजना कार्यलाई रेडियोमा प्रसारण गर्ने व्यवस्था मिलाउने,

(७) रेडियो प्रसारका साथै सम्भव भएसम्म स्व-अध्ययन सामग्री उपलब्ध गराउने,

(८) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश र स्थानीय तहबाट रेडियो र एफएम रेडियोबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठहरू सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने । (शैक्षिक सूचना, २०७७)

**(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूहका लागि**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरिएको अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास तथा संयोजन गरेर कक्षागत सिकाइ सामग्रीहरू केन्द्रीय टेलिभिजनबाट प्रसारण गर्ने,

(३) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार भएका र प्रसारण गरिएक सामग्रीहरू निःशुल्क सबै टेलिभिजन च्यानलहरूलाई उपलब्ध गराउने,

(४) प्रदेशले प्रदेश स्तरमा र स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका विज्ञ शिक्षक परिचालन गरी सिकाइ सामग्री विकास गरी टेलिभिजनबाट प्रसारण गर्ने व्यवस्था गर्ने,

(५) टेलिभिजनबाट प्रसारण भएका पाठहरू विद्यार्थीहरूले अध्ययन गरे नगरेको अनुगमनका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए नभएको यकीन गरी समुदायमा रहेका शिक्षकहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने,

(६) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश र स्थानीय तहबाट टेलिभिजनबाट प्रसारण गरिने कक्षागत र विषयगत पाठहरू सम्बन्धी समय तालिकालाई व्यवस्थित गरी सार्वजनिक गर्ने,

(७) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(घ) कम्प्युटर भएको तर अनलाइन कनेक्टिमिटि नमएका विद्यार्थी समूहका लागिः**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी को अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) अनलाइनमा तयार गरिएको सामग्रीको अफलाइन मोडमा (सिडि वा पे ड्राइभ, हार्डडिस्क आदि) विद्यालय र स्थानीय तह मार्फत उपलब्ध गराउने,

(३) निजी बिक्रेताहरूले बजारमा भएका पाठ्यक्रम विकास केन्द्रको स्वीकृ सूचीभित्रका शैक्षिक सामग्रीहरू सहुलियत वा छुटमा विद्यार्थीलाई उपलब्ध गराउने,

(४) विद्यार्थीहरूलाई अफलाइन मोडमा उपलब्ध गराइएका सिकाइ सामग्रीहरू प्रयोग गरी अध्ययन गरे नगरेको अनुगमन गर्नुका साथै पाठ्यवस्तु बुझ्न कठिनाइ भए, नभएको सम्बन्धमा समुदायमा रहेका शिक्षकहरूबाट सहजीकरण गर्ने व्यवस्था मिलाउने,

(५) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालबालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

**(ङ) इन्टरनेट तथा सूचना संचार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूहका लागि :**

(१) सबै विद्यार्थीहरूलाई चालु शैक्षिक सत्रमा अध्ययन गर्ने कक्षा यकीन गरी सो को अभिलेख राखी पाठ्यपुस्तक उपलब्ध गराउने,

(२) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश र स्थानीय तहले अनलाइन सिकाइ सामग्रीहरू तयारी गरी अनलाइन माध्यममा उपलब्ध गराउने.

(३) राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुकूलका खुला स्रोतमा उपलब्ध अनलाइन सिकाइ सामग्रीहरू प्रयोग गर्न सकिने,

(४) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सरकार, स्थानीय तहबाट उत्पादन भएका सामग्री समेत प्रयोग गरी विद्यालयहरूले अनलाइन पठन पाठन गर्ने,

(५) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनलाइनमा प्रसारण गरिएका श्रव्य दृष्य सामग्रीहरू लर्निङ्ग पोर्टल वा युटयुवमा अपलोड गर्ने

(६) पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएका र स्वीकृति प्रदान गरिएका विद्यालय तहका सबै कक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्री लगायत

अन्य श्रव्य दृश्य सामग्रीहरू साइवर सुरक्षा निर्देशिकाको अधीनमा रही मोबाइल एप्लिकेसन विकास गरी डाउनलोड गर्न सकिने व्यवस्था गर्ने,

(७) अभिभावक शिक्षाका माध्यमबाट अभिभावकलाई बालवालिकाको सिकाइका लागि उत्प्रेरकको भूमिका निर्वाह गर्न प्रोत्साहित गर्ने ।

- उल्लेखित पाँचवटा मध्ये एक भन्दा बढी कार्यक्रममा पहुँच हुने विद्यार्थीले आफ्नो रुचि वा प्राथमिकताको अनुसार कार्यक्रम छनोट गर्न सक्ने व्यवस्था गऱ्यो ।
- कार्यक्रमहरू सञ्चालन गर्दा सामाग्रीको उपलब्धताको निम्ति निम्न व्यवस्था गऱ्यो ।
  - लर्निङ पोर्टल (learning.cehrd.edu.np)
  - युट्युब च्यानल (www.youtube.com/ncedvirtual)
  - ई-पुस्तकालय (www.moecdc.gov.np)
  - वेवसाईट (www.doe.gov.np)
  - सिकाई समय तालिका (www.doe.gov.np)

### २.३. सामान्य समिक्षा

हालका वर्षहरूमा वैकल्पिक शिक्षण र सिकाइ अभ्यासहरू बढ्दो रूपमा लोकप्रिय भएका छन्, किनकि धेरै शिक्षकहरूले विद्यार्थीहरूलाई उनीहरूको व्यक्तिगत आवश्यकता र रुचिहरू पूरा गर्ने व्यक्तिगत र लचिलो सिकाइ अनुभव प्रदान गर्न खोज्छन् । यी अभ्यासहरूले परियोजना-आधारित सिकाइ, विद्यार्थी-केन्द्रित सिकाइ, फ्लिप गरिएको कक्षाकोठा, र अनलाइन र मिश्रित सिकाइ लगायतका दृष्टिकोणहरूको विस्तृत दायरालाई समेट्छ । यद्यपि यी अभ्यासहरूले धेरै फाइदाहरू प्रदान गर्दछ, तिनीहरूले धेरै चुनौतीहरू पनि प्रस्तुत गर्छन् जुन उनीहरूको सफलता सुनिश्चित गर्नको लागि सम्बोधन गर्नुपर्दछ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७) ।

वैकल्पिक शिक्षण र सिकाइ अभ्यासहरूको प्रमुख चुनौतीहरू मध्ये एक भनेको विद्यार्थीहरूलाई उनीहरूको सिकाइलाई समर्थन गर्न आवश्यक प्रविधि र स्रोतहरूमा पहुँच भएको सुनिश्चित गर्नु हो । धेरै वैकल्पिक दृष्टिकोणहरू टेक्नोलोजी र अनलाइन स्रोतहरूमा धेरै निर्भर हुन्छन्, जुन भरपर्दो इन्टरनेट वा प्रविधिमा पहुँच नभएका विद्यार्थीहरूका लागि पहुँच नहुन सक्छ । विद्यालय र शिक्षकहरूले सबै विद्यार्थीहरूलाई सफल हुन आवश्यक पर्ने

स्रोतहरूमा पहुँच छ भनी सुनिश्चित गर्नको लागि काम गर्नुपर्छ, चाहे उपकरणहरू र इन्टरनेट पहुँच प्रदान गरेर, वा डेलिभरीको वैकल्पिक विधिहरू मार्फत । अर्को चुनौती भनेको विद्यार्थीहरू आफ्नो सिकाइमा संलग्न र उत्प्रेरित छन् भनी सुनिश्चित गर्नु हो। वैकल्पिक अभ्यासहरू प्रायः स्व-निर्देशित सिकाइमा निर्भर हुन्छन्, जसले विद्यार्थीहरूलाई आफ्नै सिकाइको जिम्मेवारी लिन र आफ्नै लक्ष्य र समयरेखाहरू सेट गर्न आवश्यक हुन्छ। यो धेरै विद्यार्थीहरूको लागि चुनौतीपूर्ण कार्य हुन सक्छ, र विद्यार्थीहरूले सिक्ने प्रक्रियाभरि संलग्न र उत्प्रेरित रहन सुनिश्चित गर्नको लागि सहयोग र मार्गदर्शन प्रदान गर्न शिक्षकहरूले काम गर्नुपर्छ ।

मूल्याङ्कन र मूल्याङ्कन वैकल्पिक शिक्षण र सिकाइ अभ्यासहरूमा पनि चुनौती हुन सक्छ। मूल्याङ्कनका परम्परागत विधिहरू, जस्तै परीक्षा र मानकीकृत परीक्षणहरू, वैकल्पिक दृष्टिकोणहरूका लागि उपयुक्त नहुन सक्छ, जसले विभिन्न सीप र परिणामहरूलाई जोड दिन सक्छ। शिक्षकहरूले मूल्याङ्कनका नयाँ र अभिनव विधिहरू विकास गर्नुपर्छ जसले विद्यार्थीको सिकाइ र प्रगतिलाई सही रूपमा मापन गर्दछ, साथै वैकल्पिक दृष्टिकोणका लक्ष्यहरू र उद्देश्यहरूसँग पङ्क्तिबद्ध गर्दै अन्तमा, वैकल्पिक शिक्षण र सिकाइ अभ्यासहरूले विद्यार्थीहरूलाई बढ्दो संलग्नता, निजीकरण, र लचिलोपन सहित धेरै फाइदाहरू प्रदान गर्दछ। यद्यपि, यी अभ्यासहरूले धेरै चुनौतीहरू पनि प्रस्तुत गर्दछ जुन तिनीहरूको सफलता सुनिश्चित गर्न सम्बोधन गर्न आवश्यक छ। यी चुनौतीहरूलाई सम्बोधन गरेर, विद्यालय र शिक्षकहरूले सबै विद्यार्थीहरूको आवश्यकता र रुचिहरू पूरा गर्ने थप समावेशी र प्रभावकारी सिकाइ वातावरण सिर्जना गर्न सक्छन् ।

## २.४ शिक्षण विधि र सिकाईको अवधारणा

शिक्षकहरूमा पाठ्पुस्तकीय बिषयबस्तुको हस्तान्तरण गर्नको लागि शिक्षण सीपको आवश्यकता पर्दछ । शिक्षण सीप भन्नाले शिक्षकले कुन तहको कक्षामा कुन कुन पाठ, कुन कुन उद्देश्य प्राप्तिका लागि, कुन शिक्षण विधि अपनाई कस्ता शैक्षिक सामाग्रीहरूको प्रयोगद्वारा कति समय लगाई शिक्षण गर्दा निर्धारित लक्ष्यहरू पुरा हुन सक्छन् भन्ने सैद्धान्तिक एवं व्यबहारिक विधीहरूको प्रयोगलाई बुझाउँछ । आधुनिक शिक्षण कलामा ज्ञानात्मक, भावनात्मक, कृयात्मक र व्यवहारिक पक्षहरूलाई महत्व दिइन्छ । पाठको उद्देश्यहरूलाई पुरा गर्नको लागि शिक्षण सिकाइमा श्रव्य सामाग्री, दृष्य सामाग्री, श्रव्य-दृष्य सामाग्रीहरूको प्रयोग

पनि आवश्यक ठानिन्छ । आवश्यकताको आधारमा पत्रपत्रिका, स्लाइड्स, चार्ट, नक्सा, ग्लोब, फ्लासकार्ड, शब्दोपत्ति लगायतका शिक्षण सामाग्रीहरूको प्रयोग गरी शिक्षण सिकाइलाई कलात्मक बनाउन सकिन्छ । शिक्षण पेशा प्राविधिक कार्य हो । जसरी कुनै पनि प्राविधिक कार्य सम्पन्न गर्नका लागि विशेष प्रकारको सीपको आवश्यकता पर्दछ त्यसरी नै शिक्षणलाई प्रभावकारी बनाउन विशेष कलाको खाँचो हुन्छ । शिक्षण कलाका सहयोगी अवयवहरू शिक्षकको योग्यता, क्षमता, अध्ययन,अनुसन्धान, अनुभव, एवं तालिम जस्ता कुराहरूमा निर्भर हुन्छ । यसका साथै सरल तथा जीवन्त प्रस्तुतिकरण कलात्मक शिक्षणका विशेषता हुन् । जसरी मेडिकल सर्जनले बिरामीको रोगलाई पत्ता लगाई निको बनाउँछन् त्यसरी नै योग्य गुरुजनहरूहरूले सिकारुमा रहेका समस्याहरूको चिरफारगरी सरल तरिकाले ज्ञान हस्तान्तरण गर्ने क्षमता राख्नु पर्दछ । शिक्षाशास्त्री वीलियम अथरले शिक्षणको स्तरको वर्गीकरण गर्दै साधारण शिक्षकले विद्यार्थीलाई बिषयबस्तु भन्दछन्, राम्रा शिक्षकले व्याख्या गर्दछन्, उत्कृष्ट शिक्षकले डेमोस्ट्रेट् गर्दछन् भने महान शिक्षकले प्रेरित गर्दछन् भनेका छन् (आचार्य, २०२१) ।

विश्व विख्यात वैज्ञानीक अलवर्ट आईन्सटाइनले मानिसको एउटा मूल्यवान चीज भनेको उसको अन्तरहृदयको आवाज हो भनेका छन् । बालबालिकाहरूको हृदयको आवाजलाई नसुनीकन गरेको शिक्षण प्रभावकारी हुन सक्दैन । शिक्षाविद ह्वाइट र लिपिटले मौलिक तथा विद्यार्थी केन्द्रीत शिक्षण सिकाइको लागि सिक्ने व्यक्ति मानसिक रुपमा तयार हुनु पर्नेमा कुरामा जोड दिएका छन् । विद्यार्थीलाई मानसिक रुपमा तयार नगरी गरिने शिक्षण उपलब्धी मुलक हुन सक्दैन । शिक्षार्थी सिक्न तयार नभएसम्म सिकाइ उपलब्धीमुलक हुन सक्दैन । त्यसैले शिक्षण सिकाइमा गुरुजनहरूको सिकाउने कलाको ठूलो भूमिका हुन्छ । शिक्षण सिकाइका बिषयमा वैज्ञानिक आईन्टाइनको अर्को भनाइ मनन् योग्य छ । उनी भन्छन् - मैले विद्यार्थीलाई पढाउँदिन, केवल उनीहरूले पढ्ने वातावरणको सिर्जना गरिदिन्छु । उनको भनाईको तात्पर्य सिकाइको लागि वातावरणले ठूलो भूमिका खेल्दछ भन्ने हो । विद्यार्थीलाई पढ्ने, सिक्ने र पढाईमा रमाउने वातावरण भएमा उनीहरूमा सिक्ने रुची र उत्सुकता बढ्दछ । यसको लागि शिक्षकले बालमनोविज्ञानको अध्ययन गरी उनीहरूको घर, परिवार, उमेर, पूर्वज्ञान, मानसिकता, कठिनाई लगायतका पृष्ठभूमीहरूको जानकारी राखी पढाई प्रति रुची जगाउने र सिक्न तयार हुने वातावरणको सिर्जना गर्नु पर्दछ । शिक्षाशास्त्री रोवट् फोस्टरका अनुसार शिक्षण आफूमा भएको ज्ञानलाई सिकारुमा स्थानान्तरण गर्ने कला हो । यो कला भित्र शिक्षकले सिकारुमा अध्ययन गर्ने भोकको जागरण गराउन सक्नु पर्दछ । सिकाइमा

अभिप्रेरणाको ठूलो भूमिका हुन्छ । विद्यार्थीको रुचीलाई ध्यान नदिई अध्यापन गर्ने कार्य शिक्षक केन्द्रीत पण्डितयाई मात्र हो । कलात्मक शिक्षण होइन । शिक्षा शास्त्री हेनरी फ्रेड्रिकले उचित सल्लाह दिन सक्ने कला नै उत्तम शिक्षण हो भनेका छन् । यसको अर्थमा शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइका क्रममा उचित राय, सल्लाह, सुझाव र निर्देशन दिन सकेमा उनीहरूले सिकाइका तरिकाहरू सिक्न सक्दछन् । तर सल्लाह सुझाउनको लागि विद्यार्थीमा निहित आन्तरिक क्षमताको ज्ञान, उसको रुची र समस्याहरू ठम्याउन सक्नुपर्दछ । यसको लागि विद्यार्थीसंग मनोपरामर्श आवश्यक हुन्छ (आचार्य, २०२१) ।

### २.४.१ शिक्षण सिकाइमा दूर तथा खुला (भर्चुअल) शिक्षा विधि

भर्चुअल कक्षा भनेको एक अनलाइन सिकाइ वातावरण हो, जसले शिक्षक र विद्यार्थी सिकाइ क्रियाकलापमा सहभागी भइरहँदा उनीहरूबीच प्रत्यक्ष अन्तर्क्रिया गराउँछ । युनिभर्सिटी अफ क्यालिफोर्नियाकी भर्चुअल शिक्षक एवं भेडामो ट्रेनिङ प्रोग्रामकी व्यवस्थापक डा. भेरोनिका राचेवाको शब्दमा भर्चुअल कक्षाकोठा भनेको त्यो 'अनलाइन स्पेश' हो, जहाँ सिकारु र सिकाउने दुबै सँगसँगै काम गर्छन् । प्रायःजसो यस्ता अन्तकक्रीयाहरू श्रव्य/दृश्य छलफल (भिडियो कन्फेरेन्स)मार्फत् हुने गर्छन् । सहभागीहरूका साथमा सिकाइ विषय प्रस्तुतिका निम्ति विविध ढाँचाका सिकाइ सामग्री रहनु पर्छ ।यस किसिमको अन्तर्क्रियामा शिक्षकको भूमिका सहजकर्ताका रुपमा रहन्छ, जो सिकाइ प्रक्रियाको अगुवा बन्दै सामुहिक क्रियाकलाप र छलफललाई सहयोग गर्ने गर्छन् । भर्चुअल कक्षा पनि दुई प्रकारको मोडमा हुने गर्छ । एउटा सिंक्रोनस (Synchronous) र अर्को एसिंक्रोनस (Asynchronous) । जस्तै, सिंक्रोनस मोडमा एकैपटक एकै समयमा अनलाइनमार्फत् पढिन्छ । यो लाइभ हुन्छ । यसमा प्रत्यक्ष अन्तर्क्रिया हुन्छ । लाइभ भिडियो छलफलका लागि जुम, जिप्सी, विग ब्लु बटन, ब्लुजिन्स, गुगल मिट तथा माइक्रोसफ्ट टिम सिंक्रोनस मोडका भर्चुअल माध्यम हुन् ।एसिंक्रोनसमा पनि अन्तर्क्रिया हुन्छ । एसिंक्रोनस मोडमा भने एकैपटक एकै समयमा भेला हुनु पर्दैन । यही सिकाइ प्रणालीभित्रै शिक्षकले विद्यार्थीका लागि शिक्षण भिडियो, हाजिरजवाफ ज्ञान, पढेपछि उत्तर राख्न मिल्ने सामग्री अपलोड गरेर राख्न सक्छन् । त्यसलाई विद्यार्थीले आफ्नो अनुकूल समयमा हेर्न र पढ्न सक्छ (सिग्देल, २०७७) ।

दूर शिक्षा पद्धति संरचनात्मक तथा निर्देशित हुन्छ । खुला शिक्षामा जस्तो सिकारुलाई सबै किसिमको अवसर छनोट गर्ने स्वतन्त्रता यसमा हुँदैन । यसरी निश्चित उद्देश्य प्राप्तिका

लागि निश्चित माध्यमबाट निश्चित समयमा शिक्षा हासिल गर्ने प्रक्रिया दूर शिक्षा हो । दूर शिक्षा एउटा विधि हो भने खुला शिक्षा पद्धति हो ।सामान्यतः खुला सिकाइ भन्नाले स्व-अध्ययन अर्थात् स्व-शिक्षण प्रक्रिया (Self Instruction Process) भन्ने बुझिन्छ । दूर शिक्षामा सिक्ने र सिकाउने व्यक्तिहरू स्थान र समय (Time Zone) को दृष्टिले टाढा हुन्छन् । प्रविधि ( जस्तैः पत्राचार, इमेल, टेलिफोन, कन्फरेन्सिङ आदि) मार्फत उनीहरूलाई समीपमा ल्याएर शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरिन्छ । दूरी र समय बाहेकका अन्य पक्षहरू दूर शिक्षा प्रणालीमा नियमित शिक्षा प्रणालीमा जस्तै हुन्छन् । तर खुला सिकाइ भनेको अलि फरक कुरा हो । खुला सिकाइमा बढी लचकता हुन्छ । सिकारुले कुनै कुरा सिक्नको लागि के, कसरी, कहाँ, कहिले सिक्ने भन्ने बारेमा आफ्नो धारणा राखेर आफूलाई पायक पर्ने र सहज हुने गरी कार्यक्रममा भर्ना हुन सक्छन् । खुला सिकाइमा भर्ना हुनको लागि पूर्वनिर्धारित शर्तलाई धेरै महत्व दिइँदैन । समग्रमा भन्नु पर्दा खुला सिकाइको अवधारणा दूर शिक्षामार्फत कार्यान्वयन गरिन्छ (निरौला, २०७०) ।

हिजोआज खुला तथा दूर सिकाइ कार्यक्रमका सञ्चालक तथा सहजकर्ता र विद्यार्थी/सिकारुहरू आमनेसामने नबसे पनि कम्प्युटर र इन्टरनेटको माध्यमबाट परस्परमा प्रत्यक्ष कुराकानी तथा अन्तरक्रिया गर्ने प्रणालीको विकास भइसकेको छ । यसरी सहजकर्ता र विद्यार्थी आमनेसामने नबस्ने तर पनि आमनेसामने बसे जस्तै गरी एकआपस र परस्परमा कुराकानी तथा अन्तरक्रिया गर्ने अदृश्य (Unseen) कक्षालाई काल्पनिक कक्षा (Virtual Classroom) भनिन्छ । यस्तो प्रकारको कक्षा सञ्चालन गर्ने विद्यालयलाई काल्पनिक विद्यालय (Virtual School) र विश्व विद्यालयलाई काल्पनिक विश्वविद्यालय (Virtual University) भनिन्छ । यस्ता खाले विद्यालय तथा विश्वविद्यालयको संख्या प्रविधिको विकाससँगै दिनानुदिन बढिरहेको छ । शिक्षा हासिल गर्ने औपचारिक नीति नियम वा बन्धनमा नरही सीमित पूर्वाधारहरूका आधारमा आफू बसेको स्थान वा काम गरिरहेको स्थानबाट आफ्नो गतिअनुसार हासिल गरिने शिक्षा खुला शिक्षा हो । यो एउटा पद्धति हो । यस पद्धतिबाट शिक्षा हासिल गर्दा सिकारुलाई धेरै अवसर प्राप्त हुन्छन् । यो उमेरको हिसाबले खुला, समयको हिसाबले खुला, शिक्षण विधिको हिसाबले खुला, स्थानको हिसाबले खुला र सिकारुको गतिको हिसाबले पनि खुला हुन्छ । तथापि यो शिक्षा हासिल गर्ने एउटा वैकल्पिक पद्धति हो । तर यसको अवधारणाअनुसार शिक्षा प्रदान गर्न कठिनाइ हुने भएकाले आजभोलि दूर शिक्षा पद्धतिमार्फत खुला शिक्षा संचालन हुँदै आएको छ । दूर शिक्षा पद्धति संरचनात्मक तथा निर्देशित हुन्छ ।

खुला शिक्षामा जस्तो सिकारुलाई सबै किसिमको अवसर छनोट गर्ने स्वतन्त्रता यसमा हुँदैन । यो कुनै संस्थाले निर्धारण गरेको पाठ्यक्रम तथा उद्देश्यमा आधारित हुन्छ । दूर शिक्षामा निश्चित माध्यम प्रयोगमा ल्याइएको हुन्छ । यसरी निश्चित उद्देश्य प्राप्तिका लागि निश्चित माध्यमबाट निश्चित समयमा शिक्षा हासिल गर्ने प्रक्रिया दूर शिक्षा हो । दूर शिक्षा एउटा विधि हो भने खुला शिक्षा पद्धति हो (निरौला, २०७०) ।

दूर शिक्षाले सिक्ने र सिकाउने व्यक्तिहरूलाई दूर दराजमा रहेर पनि सिक्ने अवसर प्रदान गर्छ । पछिल्ला दिनहरूमा खुला शिक्षामा भर्नाका पूर्वशर्त, परीक्षा पद्धति, पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया, सम्पर्क कक्षामा उपस्थिति आदिमा अपनाइएको लचकताको कारणले गर्दा खुला शिक्षाबाट उत्पादित जनशक्तिमा गुणस्तरीयताको प्रश्न उठ्न थाल्यो । उक्त समस्यालाई सम्बोधन गर्न हिजोआज खुला शिक्षामा अपनाइएको लचकपनलाई अलि कडाइ गरेर शिक्षण सिकाइमा दूर शिक्षा पद्धति अपनाइएको हुनाले दूर शिक्षा र खुला सिकाइको बहसलाई अन्त्य गरी एउटै परिपाटीको रूपमा हेर्न थालिएको हुनाले यस पद्धतिलाई खुला तथा दूर सिकाइ (Open and Distance learning) अर्थात् ODL पद्धति भनिन्छ । अक्पान (२००८) का अनुसार खुला तथा दूर सिकाइ यस्तो पद्धति हो जसमा जो-कोहीलाई जुनसुकै समयमा र जहाँ पनि शिक्षा आर्जन गरी आफ्नो क्षमता अभिवृद्धि गर्ने अवसर प्राप्त हुन्छ ।

### २.५ अनुभवसिक पुनरावलोकन

नेपालको शिक्षा प्रणालीमा कोभिड १९ महामारीले पारेको प्रभावको अनुसन्धान गरेकी छन् । उनका अनुसार कोभिड- १९ महामारीले शिक्षा सहित मानव जीवनका सबै पक्षहरूलाई उल्लेखनीय रूपमा बाधा पुऱ्याएको छ । कोभिड १९ महामारीको डरलागदो फैलावटले शैक्षिक संस्थाहरू बन्द गर्न बाध्य भएर शैक्षिक प्रणाली नै तहसनहस भएको छ । बालबालिकाहरू विद्यालय जान नपाई सामाजिक रूपमा समेत टाढा रहँदा उनीहरू ज्ञान र सीप हासिल गर्न बाट बञ्चित भएका छन् । दुर्गेस र सिभर्टसन (२०२०) पनि यस कुरामा सहमत छन् कि विद्यालय जानु भनेको सीप विकासका लागि अति नै महत्वपूर्ण हुन्छ । विद्यालयको वातावरण विद्यार्थी लागि रमाइलो हुनुको साथै सामाजिक सीप सामाजिक चेतना र बालबालिकाको क्षमता वृद्धि गर्न उत्तम हुन्छ (दवाडी (२०२०) ।

दवाडीका अनुसार कोभीड १९ महामारीको आगमनसँगै धेरै विद्यालयहरूले विद्यार्थीको शिक्षामा परेको क्षति कम गर्नको लागि डिजिटल लर्निङ वा अनलाइन कक्षाहरू सञ्चालन

गरिरहेका छन तर कम आय भएका अभिभावक र ग्रामीण क्षेत्रका अधिकांश भागमा इन्टरनेटको पहुँच नभएको कारणले गर्दा सहरी तथा ग्रामीण क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीको असमानताको खाडल झन गहिरो बन्दै गहिरहेको उल्लेख गरेकी छन । यस महामारीको समयमा धोरे विद्यालय र विश्वविद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गरेतापनि अधिकांश विद्यार्थीहरू विद्यालय एवं विश्व विद्यालय बाहिर छन तर सरकारले विद्यालय र विश्वविद्यालयहरूलाई अनलाइन कक्षा संचालन गर्ने क्षमता अभिवृद्धि गर्न सहयोग गर्नुपर्ने विद्यार्थीहरूलाई इन्टरनेट र टेक्नोलोजीमा पहुँच प्राप्त गर्नको लागि पनि समर्थन गर्नुपर्ने र अवको रणनीति रेडियो टेलिभिजन र अनलाइनको माध्यमबाट शैक्षिक प्रक्रियालाई अगाडि बढाउन जोड गर्नुपर्ने उल्लेख गरेकी छन् ।

अनलाइन शिक्षा नेपालभर सबैको पहुँचमा छैन सिन्धुपाल्चोकको इन्द्रावती गाउपालिकाले गरेको अनलाइन अध्ययन अध्यापन सम्बन्धित सम्भाव्यता सर्वेक्षणले उक्त क्षेत्रमा अनलाइन कक्षा सञ्चालन गर्नको लागि इन्टरनेटको पहुँच नभएको पाइएको छ । अध्ययनले देखाए अनुसार १० प्रतिशतभन्दा कम विद्यार्थीको घरमा मात्र इन्टरनेटको पहुँच छ । इन्टरनेट भएका घरहरूमा पनि इन्टरनेट सेवा अवरुद्ध भइरहेको छ । मानिसहरूले लकडाउनको समयमा मनोरञ्जन र अन्य कार्यका लागि इन्टरनेट उपभोग गरिरहेकोले इन्टरनेट सुस्त भएको छ । मोबाइल नेटवर्कहरूमा डाटा प्याकेजहरू तुलनात्मक रुपमा छिटो हुन्छन् । तर विद्यार्थीहरूका लागि नियमित रुपमा चिनको लागि तिनीहरू धेरै महंगो हुन्छन (घिमिरे २०२०) त्यस्तै पण्डित २०२० का अनुसार नेपालमा ५६ प्रतिशत जनतामा मात्र इन्टरनेटको पहुँच छ र ८ प्रतिशत परिवारमा इन्टरनेट र डिजिटल उपकरण दुवैमा पहुँच रहेको अनुमान गरिएको का दाहाल र पौडेल २०२० का अनुसार वास्तवमा इन्टरनेट वा प्रविधिको पहुँच घेरे अभिभावकहरू विद्यालयहरू वा कलेजहरूको लागि धेरै महँगो छ तैपनि नेपालको राष्ट्रिय दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमले केही सकारात्मक प्रयास चाहि गरेको छ यसले विद्यालय वा विश्वविद्यालयको अनलाइन कक्षा सञ्चालन गर्न मद्दत गर्न - शिक्षा प्याकेज सुरु गरेको छ (दाहाल र पौडेल २०२०) ।

नेपालको शैक्षिक स्थितिमा कोभिड १९ महामारीले पारेको असरको बारेमा स्वयंसेवी अभियान नेपालले एक अध्ययन गरेको छ जसअनुसार कोभीड १९ महामारीले विद्यार्थीहरूको शैक्षिक अवस्थाको साथै बाल शोषण र बालविवाह पनि बढेको पाइन्छ । कोभीड १९ महामारीको कारणले विशेष गरी सीमान्तकृत र ग्रामीण क्षेत्रका बालबालिकाहरूलाई बढी

असर पारेको देखिन्छ ।

सुबेदी (२०२०) ले कोभिड १९ महामारीका कारण अनलाइन कक्षा सञ्चालन गरिरहेका नर्सिङ कलेजका विद्यार्थीहरू र शिक्षकहरूले भोगेका समस्याहरूको अध्ययन गरेकी छन जसअनुसार अनलाइन कक्षालाई असर गर्ने मुख्य तत्वको रुपमा विद्युत र इन्टरनेट रहेको कुरा उल्लेख गरेकी छन् । उनले आफ्नो अध्ययनमा महामारीको समयमा उपयुक्त शैक्षिक विधि अनलाइन विधि भएता पनि यसलाई अझ प्रभावकारी बनाउनको लागि यसलाई प्रभाव पार्ने तत्वहरूलाई समाधान गर्दै लैजानुपर्ने कुरालाई जोड दिएकी छन् ।

पोखरेल र क्षेत्री (२०२०) ले विकासशील तथा विकासोन्मुख देशका सबै तहका विद्यार्थीहरूका लागि उपयुक्त शिक्षण विधिका रूपमा विभिन्न किसिमका तरिकाहरू प्रयोग गर्नुपर्ने बताएका छन विकासोन्मुख देशहरूमा इन्टरनेटको पहुँच कम छ त्यसमा पनि मानिसहरूको आएको तुलनामा डाटा प्याकेजको मुल्य ज्यादै महँगो पर्ने कुरा उल्लेख गरेका छन । जसको समाधानको लागि नीति निर्माण गरेर ने जानुपर्ने हुन्छ । आगामी दिनमा अनलाइन शैक्षिक विधिलाई प्रभावकारी बनाउनको लागि यसलाई अनुसन्धानको विषय बनाउनुपर्ने बताएका छन् ।

पल (२०१९) कोभीड १९ महामारीले नेपालको शैक्षिक क्षेत्रमा पारेको असरहरूको अध्ययन गरेका छन । उनका अनुसार नेपालमा जम्मा ३५,०५५ विद्यालयहरू रहेका छन जसमध्ये २०७२८ सामुदायिक ६२०६ निजी तथा ११२१ धार्मिक विद्यालयहरू रहेका छन । अधिकांश विद्यालयहरू महामारीका कारण शैक्षिक गतिविधिबाट बन्चित भएका छन् । उनका अनुसार नेपालमा पर्याप्त मात्रामा देशका सबै शहरी तथा ग्रामीण क्षेत्रमा इन्टरनेटको सहज पहुँच नपुगेको कारणले गर्दा अधिकांश विद्यालय एवम् विद्यार्थीहरूले अनलाइन सिकाइमा समस्या भोगिरहेका छन् । कोभिड-१९ महामारीको प्रत्यक्ष असर विद्यार्थी, शिक्षक र अभिभावकलाई परेको छ । महामारीमा बोर्ड परीक्षाहरू रद्द हुनु, सिकाइ र सीप विकास नियमित हुन नसक्नु, विदेशमा अध्ययन गर्न प्रतिबन्ध, भर्ना कमा अवरुद्ध, शिक्षाको पहुँचमा असमानता, विद्यालय र विश्वविद्यालय खुल्ने चिन्तालाई उजागर गरेका छन् । साथै महामारीका कारण शैक्षिक प्रणालीमा परेको क्षति पूर्तिका लागि भर्चुअल माध्यमका लागि उपयुक्त रणनीतिहरू विकास गर्नुपर्ने करामा जोड दिएका छन् ।

कोइराला र अन्य (२०२०) ले कोभीड १९ को महामारीको समयमा भर्चुअल सिकाई प्रणाली मार्फत अध्ययनरत गण्डकी मेडिकल कलेजका १ सय ३३ नर्सिङ विद्यार्थीहरूको

अनलाईन कक्षाप्रति नर्सिङ विद्यार्थीहरूको धारणाको मुल्याङ्कन गरेका छन् । उनिहरूका अनुसार अनलाइन कक्षामा भाग लिनको लागि मोबाइल सबैभन्दा बढी (५१.९%) प्रयोग हुने ग्याजेट भएको देखाएको छ । एक तिहाइ विद्यार्थीहरू (३५.३%) सँग स्थिर इन्टरनेटको पहुँच थिएन र तिनीहरूमध्ये (४.५%)सँग उनीहरूको घरमा इन्टरनेट थिएन । अधिकांश विद्यार्थी ( ९१.७%) ले यो महामारीको समयमा अनलाइन कक्षालाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन् । लगभग दुई तिहाई उत्तरदाताहरू (६३.२%) अनलाइन कक्षाहरूबाट सन्तुष्ट थिए । समग्रमा, (५४.१%)को अनलाइन कक्षाहरूप्रति नकारात्मक धारणा थियो ।

रेग्मी दिपेन्द्र राज (२०७५) ले सामुदायिक विद्यालयमा भर्चुअल कक्षा शिक्षणले सिकाइमा पारेको प्रभाव को बारेमा अध्ययन गरेका छन् । अध्ययनमा चितवन जिल्ला अन्तर्गत सञ्चालनमा आएका जम्मा ७ वटा विद्यालय मध्ये ३ वटा विद्यालयलाई छनोट गरिएको छ । छनोटमा परेका विद्यालयमध्येबाट वि.व्य.स. अध्यक्ष १।१ जनाका दरले ३ जना, प्र.अ. १।१ जनाका दरले ३ जना, शिक्षक ४।४ जनाका दरले १२ विद्यार्थी ५।५ जनाका दरले १५ जना, अभिावक २।२ जनाका दरले ६ जना सहित जम्मा ३९ जनालाई अध्ययनको जनसंख्याका रुपमा समावेश गरिएको छ । विद्यालयमा भर्चुअल कक्षा शिक्षणको अवस्थालाई विश्लेषण गर्दा एक विद्यालयमा तुलनात्मक रुपमा प्रभावकारी रहेको तथ्य निकालेका छन् । भर्चुअल कक्षा सञ्चालन भए पनि अन्य सूचना प्रविधिको प्रयोग तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनु पर्ने निष्कर्श निकालेका छन् । विद्यालयमा शिक्षण गरिएको भर्चुअल कक्षाले बालबालिकामा सूचना प्रविधिको प्रयोगप्रति केही मात्रामा भए पनि जानकारी भएको, आफैले गरेर सिक्नका लागि इमेल इन्टरनेट चलाउन उत्साह बढ्ने गरेको, एकै पटकमा सयौं विद्यालयका बालबालिकाहरूले ज्ञान आर्जन गर्न सक्नुका साथै आफूहरूले पनि केन्द्रबाट प्रसारित शिक्षा लिन पाउँदा बालबालिकामा सिकाइ प्रति उत्प्रेरणा जागेको उल्लेख गरेका छन् । विद्यालयमा विद्यार्थीहरूको भावना अनुसार कक्षा शिक्षण गर्नु पर्दछ भन्ने धारणा विद्यालयका शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष एवम् प्र.अ.हरूको धारणा रहेको उल्लेख गरेका छन् । विद्यालयमा भर्चुअल कक्षा शिक्षणका साथ साथै इमेल इन्टरनेट र इ. लाइब्रेरीको समेत व्यवस्था गर्न आवश्यक रहेको निष्कर्ष प्रस्तुत गरेका छन् ।

# अध्याय-तीन

# अनुसन्धान विधि

कुनै पनि अनुसन्धानमा उद्देश्य प्राप्तिका लागि आवश्यकतानुसार विभिन्न विधि र प्रकृयाको प्रयोग गरिएको हुन्छ । अनुसन्धान विधि र प्रकृयाको तय गर्दा सम्बन्धित समस्याको उद्देश्य र प्रकृतिअनुसार तय गरिनु पर्दछ । यस अनुसन्धानमा अनुसन्धान ढाँचा अध्ययनको जनसंख्या, नमुना छनोट विधि, तथ्याङ्क संकलन प्रकृया तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रकृयालाई नै मूलतः अनुसन्धान विधिको रूपमा लिइएको छ । तथ्याङ्क संकलन गर्न साधनको निर्माण गरी अनुसन्धानकर्ताद्वारा स्थलगत सर्वेक्षण गरिएको छ ।

## ३.१ अध्ययनक्षेत्र छनौटको औचित्य

यो अध्ययन स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिकामा अवस्थित एक सामुदायिक विद्यालय (श्री मातृभूमि माध्यमिक विद्यालय) र एक संस्थागत विद्यालय (ज्ञानोदय अंग्रेजी बोर्डिङ स्कुल) गरी जम्मा दुई विद्यालयमा मात्र केन्द्रित रहेको छ । यस क्षेत्रमा कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षण विधिमार्फत अध्यापनमा समावेश भएका ति विद्यालयहरुको सो बखत उनिहरुले भोग्नु परेका समस्या र प्रभावकारिताहरुको बारेमा हालसम्म कुनै पनि अध्ययन तथा अनुसन्धान नभएकाले यस क्षेत्रको अध्ययन गर्न आवश्यक ठानिएकोले अध्ययन गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धानमा कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षाका समस्याहरू र प्रभाकारिताकाबारे अध्ययन गरिने हुँदा यस अनुसन्धानमा वर्णनात्मक र विश्लेषणात्मक दुवै अनुसन्धान पद्धतिहरू अपनाइएको छ । उत्तरदाताबाट प्राप्त विभिन्न सूचनाहरूको वर्णन गरी निष्कर्ष निकालिने हुँदा अध्ययन ढाँचा वर्णनात्मक रहेको छ । भने अध्ययनको क्रममा तथ्यहरूको विश्लेषण गरिने हुनाले अध्ययन विश्लेषणात्मक पनि रहेको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्क, परिमाणात्मक र गुणात्मक दुवै प्रकृति संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि अनुसन्धानकर्ता स्वयं नै अध्ययन क्षेत्रमा गई विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूसँग प्रत्यक्ष रूपमा भेटेर अनुसूचीहरुमा समावेश गरिएका अर्न्तवार्ता अनुसूचीको माध्यमबाट आवश्यक तथ्याङ्कको संकलन गरिएको छ । यस अध्ययनमा उत्तरदाता विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षकस्वयं नै रहेका छन् । जसका लागि आवश्यक अर्न्तवार्ता अनुसूची निर्माण गरिएको थियो ।

## ३.४ समग्र तथा नमुना छनोट

प्रस्तुत अध्ययनका लागि स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिका भित्रका ज्ञानोदय अंग्रेजी विद्यालय र मातृभूमि माध्यमिक विद्यालय गरी दुईवटा विद्यालयहरु (एक संस्थागत र एक सामुदायिक) लाई छनोट गरिएको थियो । ती दुवै विद्यालयहरुका शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु र व्यवस्थापकहरु गरी जम्मा ८२ जना उत्तरदाताहरुलाई छनौट गरी अध्ययन गरिएको थियो । दुवै विद्यालयहरुका ४१/४१ जना उत्तरदाताहरु गरी जम्मा ८२ जना उत्तरदाताहरुसँग अर्न्तवार्ता अनुसूचीको माध्यमबाट तथ्याङ्क संकलन गरी अध्ययन गर्दा अध्ययनको उद्देश्य पूरा हुन गएकोले उक्त अध्ययन ती ८२ जना उत्तरदाताहरुमा नै सिमित गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलनका औजारहरू

प्राथमिक तथ्याङ्क संकलनका लागि प्रयोग गरिएका औजारहरू निम्नानुसार रहेका छन् ।

### ३.५.१ अर्न्तवार्ता अनुसूची

यस अध्ययनको उद्देश्य परिपूर्ति गर्नका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि छनोटमा परेका नमुना विद्यालयका विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक उत्तरदाताहरूलाई सोध्नका लागि अलग-अलग छलफल सूची निर्माण गरी छलफल सूचीमा आधारित रहि आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.२ समूह केन्द्रित छलफल

अनुसन्धानकर्ता र अध्ययन क्षेत्रमा रहेका विद्यार्थीहरु, अभिभावकहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुसँग प्रत्यक्ष रुपमा भेटघाट गरी उनीहरुसँग अन्तरवार्ता अनुसूचीअनुसारका शिर्षकहरुमा छलफलका माध्यमबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

यस अनुसन्धानमा आवश्यक तथ्याङ्क संकलन गरिसकेपछि तथ्याङ्कलाई विश्लेषण गर्न प्राप्त तथ्याङ्कलाई उद्देश्य अनुरूप विभिन्न ढाँचामा साङ्केतीकरण गरिएको छ । साथै व्यक्तिगत रुपमा नमुनाबाट पुर्वतयारीको अवस्था, स्रोत साधनको उपलब्धता, विभिन्न निकायको भुमिका लगाएतका बारेमा संकलन गरिएका तथ्याङ्कलाई कुल जोडेर त्यसलाई औषतमा पनि देखाईएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यलाई तालिकीकरणद्वारा स्पष्ट पारिएको छ । आवश्यकता अनुसार तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार

# उत्तरदाताको सामाजिक आर्थिक र जनसाङ्ख्यिक अवस्था

## ४.१ लिङ्गको आधारमा उत्तरदाताको विवरण

लिङ्गको आधारमा समाज एवम् परिवारमा फरक फरक भूमिका र कार्य रहेको हुन्छ । यसले फरक किसिमको विचार र धारणा दिन्छ । लिङ्ग अनुसार दायित्व, कर्तव्य र भूमिका अलग हुन्छ । यस अध्ययनका उत्तरदाताहरू लैङ्गिक आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

**तालिका ४.१ : शिक्षक, विद्यार्थी, अभिभावक तथा विव्यस र संस्थापकहरूको विवरण**

| विवरण | सामुदायीक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| शिक्षक संख्या | ४ | ६ | १० | ३ | ७ | १० |
| विद्यार्थी संख्या | १२ | ८ | २० | ११ | ९ | २० |
| अभिभावक संख्या | ६ | ४ | १० | ७ | ३ | १० |
| विव्यस/संस्थापक | ० | १ | १ | ० | १ | १ |
| जम्मा | २२ | १९ | ४१ | २१ | २० | ४१ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.१ अनुसार सामुदायिक विद्यालयअन्तर्गत शिक्षक संख्या महिला ४ र पुरुष ६ गरी जम्मा १० जना, विद्यार्थी संख्या महिला १२ र पुरुष ८ गरी जम्मा २० जना, अभिभावक संख्या महिला ६ र पुरुष ४ गरी जम्मा २० जना र वि.व्य.स. संस्थापक १ जना पुरुष रहेको पाइन्छ । त्यस्तै संस्थापक विद्यालय अन्तर्गत शिक्षक संख्या महिला ३ जना र पुरुष ७ जना, विद्यार्थी संख्या महिला ११ र पुरुष ९ गरी २० जना, अभिभावक संख्या महिला ७ र पुरुष ३ गरी जम्मा १० जना त्यस्तै वि.व्य.स. /संस्थापक १ पुरुष गरी जम्मा ८२ जनालाई अध्ययनमा समावेश गरिएको छ ।

## ४.२ उमेर समूहको आधारमा उत्तरदाताहरूको विवरण

जनसंख्याको महत्वपूर्ण आधार उमेर हो । उमेर अनुसार सिक्ने र सिकाउने कुरामा प्रभाव परेको हुन्छ । उमेर कै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ । मानिसको काम गर्ने शैली, प्रकार छलफल, निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ । उमेर अनुसार समाजमा व्यक्तिको कर्तव्य र दायित्व रहेको हुन्छ । व्यक्ति उमेर अनुसार आफ्नो भूमिका निभाउन अग्रसर रहन्छ । तलको तालिकामा उत्तरदाताको उमेर समूह प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ : उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| ५-१० | ९ | ११ |
| ११-१४ | १५ | १८ |
| १५-१७ | १६ | २० |
| २० भन्दा माथि | ४२ | ५१ |
| जम्मा | ८२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.२ अनुसार विभिन्न उमेर समूहका उत्तरदाताहरू रहेको पाइयो । त्यस मध्ये ५-१० उमेर समूहको संख्या ९ जना अर्थात ११ प्रतिशत रहेको पाइयो भने ११-१४ उमेर समूहको संख्या १५ जना अर्थात १८ प्रतिशत र १५-१७ उमेर समूहको संख्या १६ जना अर्थात २० प्रतिशत त्यस्तै २० वर्ष भन्दा माथि उमेर समूहको संख्या ४२ जना अर्थात ५१ प्रतिशत रहेको छ जसमा १५-१७ उमेर समूहका उत्तरदाताको संख्या सबैभन्दा बढी रहेको र २० भन्दा माथि उमेर समूहको उत्तरदाताको संख्या सबैभन्दा बढी रहेको पाइयो ।

## ४.३ उत्तरदाताको जातीयता

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक र बहु जातीयता भएको देश हो । अध्ययन क्षेत्रको नमूना अनुसार विभिन्न जातीयताको समूहहरू रहेको पाइन्छ जस्तै ब्राह्मण, क्षेत्री, जनजाति, दलित रहेका छन् । जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.३ :उत्तरदाताको जातजातियता अनुसार संख्या विवरण**

| जातीयता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | १७ | २१ |
| क्षेत्री | १५ | १८ |
| जनजाति | ३० | ३७ |
| दलित | २० | २४ |
| जम्मा | ८२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७९*

तालिका ४.३ मा विभिन्न जातजातिको उत्तरदाताको संख्याको विवरणलाई प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रमा ब्राम्हण जाति १७५ अर्थात २१ प्रतिशत, क्षेत्री १५ अर्थात १८ प्रतिशत रहेको छ । त्यस्तै गरी जनजाति ३० अर्थात ३७ प्रतिशत र दलित २० वा २४ प्रतिशत देखाएको छ । यसप्रकार यस अध्ययन क्षेत्रमा जनजातिहरूको बसोबास धेरै रहेकोले जनजाति संख्या अग्र स्थानमा छ ।

## ४.४ उत्तरदाताको धार्मिक पृष्ठभूमि

कुनै पनि व्यक्ति तथा समाजको सोचाइको महत्वपूर्ण आधारको रुपमा उनीहरूले अवलम्बन गर्ने धर्मलाई लिन सकिन्छ । नेपाली समाजमा हिन्दू धर्म मान्नेको जनसङ्ख्या बढी रहेको छ । यस अध्ययनमा अध्ययन क्षेत्रका उत्तरदाताहरूले कुन कुन धर्म मान्दै आएका छन् । भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको धार्मिक पृष्ठभूमि**

| क.सं. | धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ४० | ४९ |
| २ | क्रिस्चियन | २० | २४ |
| ३ | बौद्ध | १५ | १८ |
| ४ | मुसलमान | ५ | ६ |
| ५ | अन्य | २ | २ |
| जम्मा | | ८२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७८*

हरेक धर्मको आ-आफ्नै सिद्धान्त हुन्छ । यस अध्ययनमा उत्तरदाताहरूको धर्मलाई हेर्दा सबैभन्दा बढी धर्म हिन्दु धर्म मान्ने गरेको पाइन्छ जसमा ४० जना अर्थात ४९ प्रतिशत, क्रिश्चियन धर्म मान्ने उत्तरदाता २० अर्थात २४ प्रतिशत रहेको पाइयो । त्यस्तै बौद्ध धर्म मान्ने उत्तरदाताहरू १५ जना अर्थात १८ प्रतिशत र मुसलमान तथा अन्य धर्म मान्नेमा ६ जना अर्थात ६ प्रतिशत र २ जना अर्थात २ प्रतिशत क्रमश रहेको पाइयो । सर्वेक्षण गर्ने क्रममा कुल प्रतिशतको आधाभन्दा बढी हिन्दु धर्म मान्ने उत्तरदाताहरू रहेका छन् मुसलमान र अन्य धर्म मान्ने न्यून रहेको पाइयो ।

## ४.५ उत्तरदाताको अभिभावकहरूको शैक्षिक अवस्था

घर नै बालबालिकाको पहिलो पाठशाला हो । घरबाट बालबच्चाहरूले आफ्नो बानी, व्यवहार, आचार सिक्ने गर्दछ । घरको वातावरण राम्रो भएमा अवश्य पनि बालबालिकाको चौतर्फी विकासमा टेवा पुग्न सक्छ । अभिभावकको शैक्षिक अवस्थाले बालबालिकाको शिक्षामा प्रभाव पार्दछ । त्यसैले अध्ययनमा क्षेत्रमा रहेका छात्राहरूका अभिभावकहरूको शैक्षिक अवस्थालाई विभिन्न चरणमा विभाजन गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : अभिभावकहरूको शैक्षिक विवरण**

| शैक्षिक स्थिति | संस्थागत विद्यालय | | सामुदायीक विद्यालय | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ४ | ४० | १ | १० |
| प्राथमिक तह (१-५) | २ | २० | ८ | ४० |
| निमावि तह (६-८) | २ | २० | ५ | २० |
| माध्यमिक तह (९-१२) | १ | १० | ३ | २० |
| स्नातक तह | १ | १० | ३ | १० |
| जम्मा | १० | १०० | १० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.५ अनुसार अभिभावकको शैक्षिक स्थिति अन्तर्गत संस्थापक विद्यालयका विद्यार्थीका अभिभावकहरू पढ्न र लेख्न नसक्ने ७ जना अर्थात ४० प्रतिशत रहेको छ । प्राथमिक तह सम्म पढ्ने अभिभावकको संख्या २ जना अर्थात २० प्रतिशत, निमावि तह सम्म पढ्ने अभिभावकको संख्या २ अर्थात २० प्रतिशत, माध्यमिक तह सम्म पढ्ने अभिभावकको

संख्या १ अर्थात १० प्रतिशत र स्नातक तह पढ्ने अभिभावकको संख्या जम्मा १ अर्थात १० प्रतिशत रहेको पाइन्छ । त्यस्तै सामुदायिक विद्यालय अन्तर्गत निरक्षर अभिभावक १ प्रतिशत अर्थात १० प्रतिशत, प्रा.वि. तह सम्म पढ्ने ४ जना अर्थात ४० प्रतिशत, निमावि सम्म पढ्नेको संख्या २ जना अर्थात २० प्रतिशत, माध्यमिक तह सम्म पढ्नेको संख्या २ जना अर्थात २० प्रतिशत र स्नातक तह सम्म पढ्ने अभिभावकको संख्या १ जना अर्थात १० प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सबैभन्दा धेरै संस्थागत विद्यालयका विद्यार्थीहरूको अभिभावक निरक्षर रहेको पाइयो भने सामुदायिक विद्यालय अन्तर्गत पढ्ने प्राथमिक तह सम्म पढेका अभिभावकहरू धेरै रहेको पाइयो ।

## ४.६ अभिभावकहरूको पेशागत वितरण

पेशाले कुनै पनि व्यक्तिको आर्थिक र सामाजिक स्तरलाई निर्धारण गर्दछ । मानिसहरूले आफ्नो जिविका चलाउन विभिन्न कार्यहरू गर्दछन् । मानिसलाई मुख्य रुपले बाच्नका लागि आधारभूत खानेकुरा बस्ने स्थान र लगाउने कपडाको आवश्यकता पर्दछ । यी आधारभूत आवश्यकताको साथै मानिससँग अन्य धेरै आवश्यकताहरू हुन्छन् । ती आवश्यकताहरूलाई परिपूर्ति गर्नको निम्ति मानिसहरू विभिन्न कार्यहरूमा संलग्न रहेको हुन्छन् । यस प्रकारका कार्यहरूलाई मानिसहरूले निश्चित पेशाको रुपमा अपनाएका हुन्छन् । यस सम्बन्धमा उत्तरदाताहरूले आफ्नो पेशाका बारेमा दिइएको जानकारीको आधारमा प्राप्त आँकडालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : अभिभावकहरूको पेशागत वितरण**

| पेशा | संस्थागत विद्यालय | | सामुदायीक विद्यालय | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| गृहणी | ३ | ३० | ४ | २० |
| नोकरी | ३ | ३० | ६ | ३० |
| व्यवसाय | २ | २० | ४ | २० |
| वैदेशिक रोजगार | २ | २० | ६ | ३० |
| जम्मा | १० | १०० | १० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

माथिको तालिका ४.६ अनुसार संस्थापक विद्यालयका उत्तरदाताहरूको पारिवारिक आम्दानीको स्रोत अर्थात् अभिभावकको पेशा के के छन् त भन्नेमा गृहिणी भन्नेहरूमा संख्या ३ जना अर्थात ३० प्रतिशत रहेको छ। नोकरी भन्नेहरूमा ३ जना अर्थात ३० प्रतिशत रहेको छ । व्यवसाय छ भन्नेको २ जना अर्थात २० प्रतिशत रहेको छ । वैदेशिक रोजगार भन्नेहरूको संख्या २ जना अर्थात २० प्रतिशत रहेको छ । त्यस्तै सामुदायिक विद्यालय अन्तर्गतका विद्यार्थीहरूको अभिभावकको पेशामा गृहणी २ जना अर्थात २० प्रतिशत, नोकरी पेशामा ३ जना अर्थात ३० प्रतिशत, व्यवसाय भन्नेहरूमा २ जना अर्थात २० प्रतिशत र वैदेशिक रोजगारी भन्नेहरूमा ३ जना अर्थात ३० प्रतिशत रहेका छन् । अध्ययन अनुसार संस्थापक विद्यालय तर्फका छात्र छात्राको अभिभावक सबैभन्दा बढी व्यवसाय र वैदेशिक रोजगारीमा आवद्ध रहेको पाइयो । भने सामुदायिक विद्यालयअन्तर्गतका छात्रछात्राहरूको अभिभावक गृहिणी र व्यवसायमा आवद्ध रहेको पाइयो ।

## ४.७ विद्यालयमा उपलब्ध स्रोत तथा साधनहरूको विवरण

कोभिड-१९ महामारीको अवधिमा वैकल्पिक शिक्षाका चुनौतीहरू र प्रभाकारिता अन्तर्गत स्याङ्जा जिल्ला, पुतली बजार नगरपालिका वडा नं. १० र १३ का श्री मातृभूमि माध्यमिक विद्यालय र ज्ञानोदय अंग्रेजी बोर्डिङ स्कुलमा उपलब्ध स्रोत र साधनहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : विद्यालयमा उपलब्ध स्रोत साधनहरूको विवरण**

| स्रोत तथा साधनहरू | सामुदायीक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| आ.ई.सि.टि ल्याब | छ | छ |
| ईन्टरनेटको सुविधा | छ | छ |
| नियमित विद्युत | छ | छ |
| प्रिन्ट तथा छपाई सुविधा | छ | छ |
| छुट्टै आ.ई.सि.टि शिक्षकको व्यस्था | छैन | छैन |
| विद्यालयको वेभसाईट | छैन | छैन |
| विद्यालयको आफ्नै युट्युब च्यानल | छैन | छैन |
| विद्यालयको सामाजिक संजाल | छ | छ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.७ अनुसार विद्यालयमा उपलब्ध स्रोत साधनहरू अन्तर्गत आई..सि.टी. ल्याब, इन्टनेट सुविधा, नियमित विद्युत, प्रिन्टर तथा छपाई सुविधा र विद्यालयको सामाजिक संजाल को उपलब्धता सामुदायिक विद्यालय र संस्थागत विद्यालय दुवै रहेको पाइयो भने छुट्टै आई.सि.टि. शिक्षकको व्यवस्था, विद्यालयको वेवसाइट, विद्यालयको आफ्नै यूटयुब च्यानल दुवै विद्यालयमा नरहेको पाइयो ।

# अध्याय पाँच

# वैकल्पिक शिक्षण विधिका समस्या र प्रभावकारिता

## ५.१ वैकल्पिक शिक्षणका साधनहरूमा विद्यार्थीहरूको पहुँच

वास्तवमा शैक्षणिक सामग्रीहरूको उद्देश्य पठनपाठन गर्दा कुनै पनि विषयका विषयवस्तुलाई सहज र सरल ढङ्गले प्रयोग गरी विद्यार्थीलाई सिकाइमा सहयोग पुऱ्याउनु हो । सामग्रीहरूको प्रकृत्ति एवं प्रयोगको आधारमा शिक्षण साधनलाई विभिन्न भागमा वर्गीकरण गरिएको हुन्छ । ती मध्ये सुनेर, हेरेर कुनै पनि विषयवस्तुको बारेमा जानकारी लिन प्रयोग गरिने विद्युतीय सामग्रीलाई श्रव्य दृश्य सामग्री भनिन्छ । अधिकांश शिक्षण साधनहरू विद्युत या व्याट्रीको सहायताले सञ्चालन हुने हुँदा यस्ता उपकरणलाई विद्युतीय उपकरण पनि भनिन्छ । श्रव्य दृश्य सामग्री अन्तर्गत रेडियो, टेलिभिजन, फोन इत्यादि पर्दछन् । शिक्षण सिकाइमा श्रव्य सामग्रीले कमै प्रभाव पार्ने भए तापनि यस्ता साधनहरूको उचित ढङ्गले पूर्वतयारीका साथ गर्न सके प्रभावकारी शिक्षणमा सहयोग पुग्दछ । नमूना छनौटमा परेका संस्थागत विद्यालय र सामुदायिक विद्यालयका छात्रछात्राहरूले वैकल्पिक शिक्षणका साधन के कति उपलब्ध छन् भनी गरिएको अध्ययनबाट निम्नअनुसारको जानकारी प्राप्त भएको छ ।

**तालिका ५.१: वैकल्पिक शिक्षणका साधनहरूमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पहूँच**

| साधनहरू | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | थियो | प्रतिशत | थिएन | प्रतिशत | जम्मा |
| रेडियो | ५ | २५ | १५ | ७५ | २० |
| टेलिभिजन | ११ | ५५ | ९ | ४५ | २० |
| ईन्टरनेट | १५ | ५ | ५ | २५ | २० |
| नियमित पत्र-पत्रिका | ६ | ३० | १४ | ७० | २० |
| स्मार्ट फोन | १८ | ९० | २ | १० | २० |
| कम्प्युटर | ७ | ३५ | १३ | ६५ | २० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

आजको वैज्ञानिक र विधिहरू विकसित भएको अवस्थामा कोभिड -१९ को वैकल्पिक

शिक्षणका साधनहरूमा नमुना छनोट अन्तर्गतका संस्थागत विद्यालयका छात्रछात्राहरूले सबै साधनहरू प्रयोग गरेको पाइन्छ जसअन्तर्गत रेडियो छ भन्नेमा ५ जना अर्थात २५ प्रतिशत, थिएन भन्नेमा ७५ प्रतिशत, टेलिभिजन थियो भन्ने ११ जना अर्थात ५५ प्रतिशत, थिएन भन्नेमा ९ जना अर्थात ४८ प्रतिशत र इन्टरनेट थियो भन्नेमा १५ जना अर्थात ५ प्रतिशत र थिएन भन्नेमा ५ जना अर्थात २५ प्रतिशत, नियमित पत्रपत्रिका थियो भन्नेमा ६ जना अर्थात ३० प्रतिशत र थिएन भन्नेमा ७० प्रतिशत अर्थात १४ जना रहेको पाइयो । त्यस्तै मोबाइल र कम्प्युटर थियो भन्नेमा क्रमश १८ र ७ जना रहेको पाइन्छ र थिएन भन्नेमा ७ र १३ जना अर्थात ३५ प्रतिशत र ६५ प्रतिशत रहेको पाइन्छ ।

**तालिका ५.२: वैकल्पिक शिक्षणका साधनहरूमा सामुदायीक विद्यालयका विद्यार्थीहरूको पहूँच**

| साधनहरू | सामुदायीक विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | थियो | प्रतिशत | थिएन | प्रतिशत | जम्मा |
| रेडियो | ६ | ३० | १४ | ७० | २० |
| टेलिभिजन | ९ | ४५ | ११ | ५५ | २० |
| ईन्टरनेट | १२ | ६० | ८ | ४० | २० |
| नियमित पत्र-पत्रिका | ५ | ३५ | १५ | ७५ | २० |
| स्मार्ट फोन | १६ | ८० | ४ | २० | २० |
| कम्प्युटर | ६ | ३० | १४ | ७० | २० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तलिका ४.९ का अनुसार सामुदायिक विद्यालयका छात्रछात्राहरूले पनि सबै साधनहरू प्रयोग गरेको पाइन्छ । जस अन्तर्गत रेडियो थियो भन्नेमा ६ जना अर्थात ३० प्रतिशत थिएन भन्नेमा १४ जना अर्थात ७० प्रतिशत, टेलिभिजन थियो भन्नेमा ९ जना अर्थात ४५ प्रतिशत, थिएन भन्नेमा ११ जना अर्थात ५५ प्रतिशत, इन्टेनेट, नियमत पत्रपत्रिका, मोबाइल र कम्प्युटर थियो भन्नेमा क्रमश १२, ५, १६ र ६ जना अर्थात ६०, ३५, ८० र ३० प्रतिशत रहेको पाइयो भेन थिएन भन्नेमा ८, १५, ४ र १४ जना अर्थात ४०, ७५, २० र ७० प्रतिशत रहेको पाइयो ।

**तालिका ५.३: वैकल्पिक शिक्षणका साधनहरूमा संस्थागत विद्यालयका शिक्षकहरूको पहूँच**

| साधनहरू | संस्थागत विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | थियो | प्रतिशत | थिएन | प्रतिशत | जम्मा |
| रेडियो | ७ | ० | ३ | ३० | १० |
| टेलिभिजन | ९ | ९० | १ | १० | १० |
| ईन्टरनेट | १० | १०० | ० | ० | १० |
| नियमित पत्र-पत्रिका | ६ | ६० | ४४ | ४० | १० |
| स्मार्ट फोन | १० | १०० | ० | ० | १० |
| कम्प्युटर | ७ | ७० | ३ | ३० | १० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ४.३ अनुसार वैकल्पिक शिक्षणका साधनहरूमा संस्थागत विद्यालयका शिक्षकहरूको पहुँचको अवस्थालाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत रेडियोमा ७ जना अर्थात ७० प्रतिशतको पहुँच रहेको र ३ जना अर्थात ३० प्रतिशतको पहुँच नरहेको पाईयो । टेलिभिजनमा ९ जना अर्थात ९० प्रतिशत को पहुँच रहेको र १ जना अर्थात १० प्रतिशतको पहुँच नरहेको पाईयो । ईन्टरनेटमा २० जना अर्थात १०० शत प्रतिशत को पहुँच रहेको पाईयो । पत्र-पत्रिकामा ६ जना अर्थात ६० प्रतिशत को पहुँच रहेको र ४ जना अर्थात ४० प्रतिशतको पहुँच नरहेको पाईयो । स्मार्ट फोनमा २० जना अर्थात १०० शत प्रतिशतको पहुँच रहेको देखियो । कम्प्युटरमा ७ जना अर्थात ७० प्रतिशत को पहुँच रहेको र ३ जना अर्थात ४५ प्रतिशतको पहुँच नरहेको पाईयो । संस्थागत विद्यालयका शिक्षकहरूमा शत प्रतिशत इन्टरनेट र स्मार्ट फोनको पहुँच भएको पाईयो भने  नियमित पत्रपत्रिकाको पहुँच सबैभन्दा कम शिक्षण साधनको रुपमा प्रयोग गरिएको पाईयो ।

**तालिका ५.४: वैकल्पिक शिक्षणका साधनहरूमा सामुदायीक विद्यालयका शिक्षकहरूको पहूँच**

| साधनहरू | सामुदायीक विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | **थियो** | **प्रतिशत** | **थिएन** | **प्रतिशत** | **जम्मा** |
| रेडियो | ५ | ५० | ५ | ५० | १० |
| टेलिभिजन | ७ | ७० | ३ | ३० | १० |
| ईन्टरनेट | १० | १०० | ० | ० | १० |
| नियमित पत्र-पत्रिका | ६ | ६० | ४ | ४० | १० |
| स्मार्ट फोन | १० | १०० | ० | ० | १० |
| कम्प्युटर | ५ | ५० | ५ | ५० | १० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका ५.४ अनुसार वैकल्पिक शिक्षणका साधनहरूमा सामुदायिक विद्यालयका शिक्षकहरूको पहुँचको अवस्थालाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत रेडियोमा ५ जना अर्थात ५० प्रतिशतको पहुँच रहेको र ५ जना अर्थात ५० प्रतिशतको पहुँच नरहेको पाईयो । टेलिभिजनमा ७ जना अर्थात ७० प्रतिशतको पहुँच रहेको र ३ जना अर्थात ३० प्रतिशतको पहुँच नरहेको पाईयो । ईन्टरनेटमा १० जना अर्थात १०० शत प्रतिशतको पहुँच रहेको पाईयो । पत्र-पत्रिकामा ६ जना अर्थात ६० प्रतिशतको पहुँच रहेको र ४ जना अर्थात ४० प्रतिशतको पहुँच नरहेको पाईयो । स्मार्ट फोनमा १० जना अर्थात १०० शत प्रतिशतको पहुँच रहेको देखियो । कम्प्युटरमा ५ जना अर्थात ५० प्रतिशतको पहुँच रहेको र ५ जना अर्थात ५० प्रतिशतको पहुँच नरहेको पाईयो । सामुदायिक विद्यालयका शिक्षकहरूमा शत प्रतिशत इन्टरनेट र स्मार्ट फोनको पहुँच भएको पाईयो भने ५ रेडियो र ५ कम्प्युटरको पहुँच सबैभन्दा कम शिक्षण साधनको रुपमा प्रयोग गरिएको पाईयो ।

## ५.२ विद्यालयमा वैकल्पिक शिक्षण विधिको अवस्था

छनोटमा परेका विद्यालयहरूमा वैकल्पिक शिक्षण विधिको अवस्था अन्तर्गत अनलाईन, घुम्ती वा टोल शिक्षण, अडियो तथा भिडियो शिक्षण, टेलिभिजन शिक्षण, रेडियो शिक्षण र अन्य शिक्षण विधिलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : वैकल्पिक शिक्षणविधि मार्फत सहभागि विद्यार्थीहरूको विवरण**

| वैकल्पिक शिक्षण विधिहरू | संस्थागत विद्यालय | | सामुदायीक विद्यालय | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अनलाईन | १० | ५० | ८ | ४० |
| घुम्ति वा टोल शिक्षण | ० | ० | ० | ० |
| अडियो तथा भिडियो शिक्षण | ५ | २५ | ६ | ३० |
| टेलिभिजन शिक्षण | ३ | १५ | ४ | २० |
| रेडियो शिक्षण | ४ | २० | २ | १० |
| अन्य | ० | ० | ० | ० |
| जम्मा | २० | १०० | २० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ५.५ लाई हेर्दा संस्थागत विद्यालयअन्तर्गत वैकल्पक शिक्षण विधिमा अनलाईनमार्फत सहभागी हुनेमा १० जना अर्थात ५० प्रतिशत रहेको पाइन्छ । घुम्ति वा टोल शिक्षण विधिमार्फत कुनै पनि विद्यार्थी सहभागी रहेको पाइँदैन । त्यस्तै अडियो तथा भिडियो, टेलिभिजन शिक्षण र रेडियो शिक्षण मार्फत क्रमशः ५, ३ र ४ जना अर्थात २५, १५ र २० प्रतिशत सहभागि भएको पाइन्छ भने अन्यमा कुनै पनि विद्यार्थी सहभागी भएको पाइँदैन । त्यस्तै सामुदायिक विद्यालय अन्तर्गत पनि अनलाईन माध्यमबाट ८ जना छात्रछात्रा अर्थात ४० प्रतिशत विद्यार्थी सहभागी भएको पाइन्छ भने घुम्ति वा टोल शिक्षण र अन्यमा कुनै पनि विद्यार्थी सहभागी भएको पाइँदैन । वैकल्पिक शिक्षण विधिअन्तर्गत अडियो तथा भिडियो शिक्षण, टेलिभिजन शिक्षण र रेडियो शिक्षणमा क्रमशः ६, ४ र २ जना अर्थात ३०, २० र १० प्रतिशत विद्यार्थीहरू सहभागि रहेको पाइन्छ । यद्यपि संस्थागत तथा सामुदायिक दुवै विद्यालयमा अनलाइन शिक्षण विधिमार्फत सहभागी हुने विद्यार्थीहरू धेरै रहेको पाइन्छ ।

## ५.३ वैकल्पिक शिक्षणका समस्या

वैकल्पिक शिक्षण विधिको प्रभावकारी प्रयोगको निम्ति इन्टेनेट, विद्युत, नेटवर्क, ग्याजेट तथा उपकरण र अन्य स्रोत-साधनहरूको उपलब्धता र उक्त स्रोत-साधनहरूको उपयोगको महत्वपुर्ण योगदान रहेको हुन्छ । त्यसका लागि सूचना तथा सञ्चार प्रविधिका साधनहरूको महत्वपूर्ण भूमिका पनि रहेको हुन्छ । वैकल्पिक शिक्षणका क्रममा विद्यार्थी तथा

शिक्षकहरू कुनै कारणले गर्दा सम्पर्कमा आउन नसक्नु, सम्पर्क टुट्नु जस्ता अवरोधहरूलाई समस्या मान्न सकिन्छ । त्यस्ता समस्याहरू विद्यार्थी तथा शिक्षकहरूले इन्टेनेट, विद्युत, नेटवर्क, ग्याजेट तथा उपकरण र अन्य स्रोत-साधनहरूको प्रयोगको समयमा भोगेका हून्छन् तसर्थ उक्त भोग्नु परेका समस्याहरूको अध्ययनको लागि उनिहरूले भोगेका समस्याहरूको दोहोरिएको अनुपात अर्थात विद्यार्थी तथा शिक्षकहरूले शिक्षण अवधिमा एक पटक वा पटक-पटक गरेर भोग्नु परेका समस्याहरूलाई चार भागमा राखिएको छ जसमा धेरै पऱ्यो, पऱ्यो, परेन र धेरै परेन गरि अध्ययनबाट प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.३.१ विद्यार्थीहरूले भोग्नुपरेका समस्या

वैकल्पिक शिक्षणका क्रममा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीले इन्टेनेट, विद्युत, नेटवर्क, ग्याजेट तथा उपकरण र अन्य स्रोत-साधनहरूको प्रयोगमा भोग्नु परेका समस्याहरूको अध्ययनको लागि उनिहरूले भोगेका समस्याहरूलाई चार भागमा वर्गिकरण गरिएकोछ जसमा धेरै पऱ्यो, पऱ्यो, परेन र धेरै परेन गरि अध्ययनबाट प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६: वैकल्पिक शिक्षणमा संस्थागत विद्यालयका विद्यार्थीहरूले भोग्नुपरेका समस्याहरू**

| समस्याहरू | विद्यार्थीहरूको भोगाई | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धेरै पऱ्यो | प्रतिशत | पऱ्यो | प्रतिशत | परेन | प्रतिशत | धेरै परेन | प्रतिशत | जम्मा |
| ईन्टरनेट | १ | ५ | ३ | १५ | ७ | ३५ | ९ | ४५ | २० |
| विद्युत | ३ | १५ | ४ | २० | ८ | ४० | ५ | २५ | २० |
| नेटवर्क | ० | ० | ० | ० | १४ | ७० | ६ | ३० | २० |
| ग्याजेट तथा उपकरण | ४ | २० | २ | १० | ११ | ५५ | ३ | १५ | २० |
| अन्य | ० | ० | ३ | १५ | १२ | ६० | ५ | २५ | २० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

माथिको तालिका ५.६ मा संस्थागत विद्यालय अन्तर्गत वैकल्पिक शिक्षणमा विद्यार्थीहरूले भोग्नु परेका समस्याहरूलाई प्रस्तुत गरिएको छ । प्रस्तुत विवरणलाई हेर्दा

इन्टरनेटको कारणले धरै समस्या पऱ्यो भन्ने उत्तरदाता जम्मा १ जना अर्थात ५ प्रतिशत, पऱ्यो भन्नेमा ३ जना अर्थात १५ प्रतिशत, परेन भन्ने ७ जना अर्थात ३५ प्रतिशत र धेरै परेन भन्नेमा ९ जना अर्थात ४५ प्रतिशत विद्यार्थी रहेका छन् । त्यस्तै विद्युतको कारणले वैकल्पिक शिक्षणमा समस्या धेरै पऱ्यो भन्नेमा ३ जना अर्थात १५ प्रतिशत, पऱ्यो भन्नेमा ४ अर्थात २० प्रतिशत परेन भन्नेमा ८ अर्थात ४० प्रतिशत, धेरै परेन भन्नेमा ५ जना अर्थात २५ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यस्तै नेटवर्कले समस्या भोग्नुपरेका विद्यार्थी नरहेको पाइयो । असरै नपरेको विद्यार्थीमा १४ अर्थात ७० प्रतिशत र धेरै परेन भन्ने विद्यार्थी ६ जना अर्थात ३० प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यस्तै ग्याजेट तथा उपकरणले समस्या धेरै पऱ्यो भन्ने विद्यार्थी संख्या जम्मा ४ जना अर्थात २० प्रतिशत, पऱ्यो मात्र भन्ने विद्यार्थी २ जना अर्थात १० प्रतिशत, समस्या नै परेन भन्ने विद्यार्थी संख्या ११ जना अर्थात ५५ प्रतिशत र धेरै समस्या परेन भन्ने विद्यार्थी संख्या ३ जना अर्थात १५ प्रतिशत रहेको पाइयो । यसरी माथिको तथ्यांकलाई हेर्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई ग्याजेट तथा उपकरण का कारणले धेरै समयस्या ४ अर्थात २० प्रतिशत परेको पाईयो । त्यस्तै विद्युत र ईन्टरनेटको कारणले धेरै समस्या पर्ने विद्यार्थीहरूको संख्या ३ र १ अर्थात १५ र ५ प्रतिशत रहेको पाईयो । नेटवर्क र अन्य कुनै पनि कुरामा धेरै समस्या नपरेको देखिन्छ ।

**तालिका ५.७ : वैकल्पिक शिक्षणमा सामुदायीक विद्यालयका विद्यार्थीहरूले भोग्नुपरेका समस्याहरू**

| समस्या**हरू** | विद्यार्थी**हरू**को भोगाई | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धेरै पऱ्यो | प्रतिशत | पऱ्यो | प्रतिशत | परेन | प्रतिशत | धेरै परेन | प्रतिशत | जम्मा |
| ईन्टरनेट | २ | १० | ४ | २० | ८ | ४० | ६ | ३० | २० |
| विद्युत | १ | ५ | २ | १० | ९ | ४५ | ८ | ४० | २० |
| नेटवर्क | ० | ० | १ | ५ | ११ | ५५ | ८ | ४० | २० |
| ग्याजेट तथा उपकरण | ५ | २५ | ४ | २० | ७ | ३५ | ४ | २० | २० |
| अन्य | ० | ० | २ | १० | १४ | ७० | ४ | २० | २० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तालिका ५.७ का अनुसार सामुदायिक विद्यालयका वैकल्पिक शिक्षणमा सहभागी

विद्यार्थीहरूले भोग्नु परेका समस्यालाई प्रस्तुत गरिएको छ । प्रस्तुतिलाई हेर्दा इन्टरनेटको कारणले धरै समस्या पऱ्यो भन्ने उत्तरदाता जम्मा २ जना अर्थात १० प्रतिशत, पऱ्यो भन्नेमा ४ जना अर्थात ४० प्रतिशत, परेन भन्ने ८ जना अर्थात ४० प्रतिशत र धेरै परेन भन्नेमा ७ जना अर्थात ३० प्रतिशत विद्यार्थी रहेका छन् । त्यस्तै विद्युतको कारणले वैकल्पिक शिक्षणमा समस्या धेरै पऱ्यो भन्नेमा १ जना अर्थात ५ प्रतिशत, पऱ्यो भन्नेमा २ जना अर्थात १० प्रतिशत, परेन भन्नेमा ९ जना अर्थात ४५ प्रतिशत, धेरै परेन भन्नेमा ८ जना अर्थात ४० प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यस्तै नेटवर्कले समस्या धेरै पऱ्यो भन्ने विद्यार्थी नरहेको पाइयो भने समस्या पऱ्यो भन्ने शिक्षक १ जना अर्थात ५ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यस्तै परेन र धेरै परने भन्ने विद्यार्थी संख्या ११ र ८ अर्थात ५५ र ४० प्रतिशत रहेको पाइयो । ग्याजेट तथा उपकरणले समस्या धेरै पऱ्यो भन्ने विद्यार्थी संख्या जम्मा ५ जना अर्थात २५ प्रतिशत, पऱ्यो मात्र भन्ने विद्यार्थी ४ जना अर्थात २० प्रतिशत, समस्या नै परेन भन्ने विद्यार्थी संख्या ७ जना अर्थात ३५ प्रतिशत र धेरै समस्या परेन भन्ने विद्यार्थी संख्या ४ जना अर्थात ४० प्रतिशत रहेको पाइयो । यसरी माथिको तथ्यांकलाई हेर्दा ग्याजेट तथा उपकरणको कारणले धेरै समस्या परेका विद्यार्थीहरूको संख्या ५ अर्थात २५ प्रतिशत रहेको पाईयो । त्यस्तै ईन्टरनेट र विद्युतको कारणले धेरै समस्या पर्ने विद्यार्थीहरूको संख्या २ र ४ अर्थात १० र २० प्रतिशत रहेको पाईयो । यसका अलवा विद्यार्थीहरूलाई वैकल्पिक शिक्षणमा धेरै समस्या नपरेको देखिन्छ ।

### ५.३.२ शिक्षकहरूले भोग्नुपरेका समस्या

वैकल्पिक शिक्षणका क्रममा संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरूले इन्टेनेट, विद्युत, नेटवर्क, ग्याजेट तथा उपकरण र अन्य स्रोत-साधनहरूको प्रयोगमा भोग्नु परेका समस्याहरूको अध्ययनको लागि उनिहरूले भोगेका समस्याहरूलाई चार भागमा वर्गिकरण गरिएकोछ जसमा धेरै पऱ्यो, पऱ्यो, परेन र धेरै परेन गरि अध्ययनबाट प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.८: वैकल्पिक शिक्षणमा संस्थागत विद्यालयका शिक्षकहरूले भोग्नुपरेका समस्याहरू**

| समस्याहरू | भोगाई | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धेरै पऱ्यो | प्रतिशत | पऱ्यो | प्रतिशत | परेन | प्रतिशत | धेरै परेन | प्रतिशत | जम्मा |
| ईन्टरनेट | १ | १० | २ | २० | ४ | ४० | ३ | ३० | १० |
| विद्युत | १ | १० | २ | २० | ५ | ५० | २ | २० | १० |
| नेटवर्क | ० | ० | २ | २० | ७ | ७० | १ | १० | १० |
| ग्याजेट तथा उपकरण | १ | १० | ३ | ३० | ४ | ४० | २ | २० | १० |
| अन्य | ० | ० | ० | ० | ४ | ४० | ६ | ६० | १० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

माथिको तालिका ५.८ लाई हेर्दा वैकल्पिक शिक्षणमा संस्थागत विद्यालयका शिक्षकहरूले भोग्नु परेका समस्यालाई हेर्दा इन्टरनेटको कारणले धेरै समस्या पऱ्यो भन्ने उत्तरदाता जम्मा १ जना अर्थात १० प्रतिशत, पऱ्यो भन्नेमा २ जना अर्थात २० प्रतिशत, परेन भन्ने ४ जना अर्थात ४० प्रतिशत र धेरै परेन भन्नेमा ३ जना अर्थात ३० प्रतिशत शिक्षक रहेका छन् । त्यस्तै विद्युतको कारणले वैकल्पिक शिक्षणमा समस्या धेरै पऱ्यो भन्नेमा १ जना अर्थात १० प्रतिशत, पऱ्यो भन्नेमा २ अर्थात २० प्रतिशत, परेन भन्नेमा ५ जना अर्थात ५० प्रतिशत, धेरै परेन भन्नेमा २ जना अर्थात ५० प्रतिशत शिक्षक रहेको पाइयो । त्यस्तै नेटवर्कले समस्या भोग्नुपरेका शिक्षक मध्ये धेरै समस्या पऱ्यो भन्ने नरहेको पाइयो । पऱ्यो भन्नेमा २ जना अर्थात २५ प्रतिशत, परेन भन्नेमा ७ जना अर्थात ७० प्रतिशत र धेरै परेन भन्नेमा १ जना अर्थात १० प्रतिशत शिक्षक रहेको पाईयो । त्यस्तै ग्याजेट तथा उपकरणले समस्या धेरै पऱ्यो भन्ने शिक्षक संख्या जम्मा १ जना अर्थात १० प्रतिशत, पऱ्यो मात्र भन्ने शिक्षक ३ जना अर्थात ३० प्रतिशत, समस्या नै परेन भन्ने शिक्षक संख्या ४ जना अर्थात ४० प्रतिशत र धेरै समस्या परेन भन्ने शिक्षक संख्या २ जना अर्थात २० प्रतिशत रहेको पाइयो । यस्तै अन्य कारणले समस्या धेरै नपरेका शिक्षकको संख्या ४ जना अर्थात ४० प्रतिशत र धेरै परेन भन्ने शिक्षकहरूको संख्या ६ अर्थात ६० प्रतिशत रहेको पाईयो । यसरी माथिको तथ्यांकलाई हेर्दा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षकलाई धेरै समस्या नपरेको देखिन्छ ।

**तालिका ५.९: वैकल्पिक शिक्षणमा सामुदायीक विद्यालयका शिक्षकहरूले भोग्नुपरेका समस्याहरू**

| समस्याहरू | भोगाई | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | धेरै पऱ्यो | प्रतिशत | पऱ्यो | प्रतिशत | परेन | प्रतिशत | धेरै परेन | प्रतिशत | जम्मा |
| ईन्टरनेट | २ | २० | ३ | ३० | ३ | ३० | २ | २० | १० |
| विद्युत | २ | २० | ३ | ३० | ४ | ४० | १ | १० | १० |
| नेटवर्क | १ | १० | २ | २० | ६ | ६० | १ | १० | १० |
| ग्याजेट तथा उपकरण | २ | २० | १ | १० | ५ | ५० | २ | २० | १० |
| अन्य | ० | ० | १ | १० | ३ | ३० | ६ | ६० | १० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७८*

तलिका ५.९ लाई हेर्दा वैकल्पिक शिक्षणमा सामुदायीक विद्यालयका शिक्षकहरूले भोग्नु परेका समस्यालाई हेर्दा इन्टरनेटको कारणले धरै समस्या पऱ्यो भन्ने उत्तरदाता जम्मा २ जना अर्थात १० प्रतिशत, पऱ्यो भन्नेमा ५ जना अर्थात ५० प्रतिशत, परेन भन्ने ३ जना अर्थात ३० प्रतिशत र धेरै परेन भन्नेमा ४ जना अर्थात ४० प्रतिशत शिक्षक रहेका छन् । त्यस्तै विद्युतको कारणले वैकल्पिक शिक्षणमा समस्या धेरै पऱ्यो भन्नेमा २ जना अर्थात २० प्रतिशत, पऱ्यो भन्नेमा ३ जना अर्थात ३० प्रतिशत, परेन भन्नेमा ४ जना अर्थात ४० प्रतिशत, धेरै परेन भन्नेमा १ जना अर्थात १० प्रतिशत शिक्षक रहेको पाइयो । त्यस्तै नेटवर्कले समस्या भोग्नुपरेका शिक्षक मध्ये धेरै समस्या पऱ्यो भन्ने १ जना अर्थात १० प्रतिशत, पऱ्यो भन्नेमा १ जना अर्थात १० प्रतिशत, परेन भन्नेमा ६ जना अर्थात ६० प्रतिशत र धेरै परेन भन्नेमा १ जना अर्थात १० प्रतिशत शिक्षक रहेको पाईयो । त्यस्तै ग्याजेट तथा उपकरणले समस्या धेरै पऱ्यो भन्ने शिक्षक संख्या जम्मा २ जना अर्थात २० प्रतिशत, पऱ्यो मात्र भन्ने शिक्षक १ जना अर्थात १० प्रतिशत, समस्या नै परेन भन्ने शिक्षक संख्या ३ जना अर्थात ३० प्रतिशत र धेरै समस्या परेन भन्ने शिक्षक संख्या ६ जना अर्थात ६० प्रतिशत रहेको पाइयो । यस्तै अन्य कारणले समस्या धेरै नपरेका शिक्षकको संख्या नै नरहेको र समस्या पऱ्यो भन्नेमा १ जना अर्थात १० प्रतिशत र परेन र धेरै परेन भन्ने शिक्षकहरूको संख्या क्रमश ३ र ६ अर्थात ३० र ६० प्रतिशत रहेको पाईयो । यसरी माथिको तथ्यांकलाई हेर्दा सामुदायीक विद्यालयमा अध्यापनरत शिक्षकलाई पनि धेरै समस्या नपरेको देखिन्छ ।

## ५.४ वैकल्पिक शिक्षण विधिको प्रभावकारिता प्रतिको धारणा

वैकल्पिक शिक्षणमा आवश्यक पर्ने साधनहरू इन्टरनेट, विद्युत, नेटवर्क, ग्याजेट तथा उपकरण र अन्य स्रोत-साधनहरूको उपलब्धता र उपयोगको अवस्थाले वैकल्पिक शिक्षा वा विधिको प्रभावकारिताको मूल्यांकनमा प्रत्यक्ष सरोकार राख्छ । वैकल्पिक शिक्षण विधि प्रति शिक्षक तथा विद्यार्थीहरूको धारणामार्फत प्रभावकारिता अध्ययन गरिएकोले उक्त धारणाहरूलाई चार भागमा वर्गिकरण गरिएको छ जसमा (१) धेरै राम्रो, (२) राम्रो, (३) ठिकै, (४) नराम्रो र (५) धेरै नराम्रो रहेका छन् । अध्ययनमा प्राप्त तथ्यांकलाई निम्नानुसार तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०: वैकल्पिक शिक्षण विधिहरूको प्रभावकारिता सम्बन्धी विद्यार्थीहरूको धारणा**

| धारणा | संस्थागत विद्यालय | | सामुदायीक विद्यालय | |
|---|---|---|---|---|
| | विद्यार्थी संख्या | प्रतिशत | विद्यार्थी संख्या | प्रतिशत |
| धेरै राम्रो | २ | १० | ३ | १५ |
| राम्रो | ९ | ४५ | १० | ५० |
| ठिकै | ५ | २५ | ४ | २० |
| नराम्रो | ३ | १५ | २ | १० |
| धेरै नराम्रो | १ | ५ | १ | ५ |
| जम्मा | २० | १०० | २० | १०० |

***स्रोतः स्थलगत सर्वेक्षण, २०७८***

तलिका ५.१० लाई हेर्दा संस्थागत विद्यालय अन्तर्गत वैकल्पिक शिक्षण विधिप्रति विद्यार्थी उत्तरदाताको धारणा अन्तर्गत वैकल्पिक शिक्षण विधि धेरै राम्रो भन्ने विद्यार्थी २ जना अर्थात १० प्रतिशत, राम्रो भन्ने विद्यार्थी ९ जना अर्थात ४५ प्रतिशत, ठिकै भन्ने विद्यार्थी ५ जना अर्थात २५ प्रतिशत, नराम्रो भन्ने विद्यार्थी ३ जना अर्थात १५ प्रतिशत र धेरै नराम्रो भन्ने विद्यार्थी १ जना अर्थात ५ प्रतिशत रहेको पाइन्छ ।

त्यस्तै सामुदायिक विद्यालय अन्तर्गत वैकल्पिक शिक्षण विधिप्रतिको विद्यार्थीको धारणा धेरै राम्रो भन्नेमा ३ जना अर्थात १५ प्रतिशत, राम्रो भन्ने विद्यार्थी १० जना अर्थात ५० प्रतिशत, ठिकै भन्ने विद्यार्थी ४ जना अर्थात २० प्रतिशत, नराम्रो भन्ने २ जना अर्थात १० प्रतिशत र धेरै नराम्रो भन्ने १ जना अर्थात ५ प्रतिशत विद्यार्थी रहेको पाइयो । यसरी

संस्थागत र सामुदायिक विद्यालयको वैकल्पिक शिक्षण विधि राम्रो रहेको तथ्यांङ्कबाट देखिन्छ ।

वैकल्पिक शिक्षणमा आवश्यक पर्ने साधनहरूको पहुँच राम्रो भएको कारणले गर्दा अधिकांश विद्यार्थीहरूले वैकल्पिक शिक्षण विधिहरूप्रतिको धारणा राम्रो रहेको पाइयो भने आवश्यक स्रोत साधनहरूको कमी भएका विद्यार्थीको लागि नराम्रो रहेको अवधारणा रहेको पाइयो ।

**तालिका ५.११ : वैकल्पिक शिक्षण विधिको प्रभावकारिता सम्बन्धी शिक्षकहरूको धारणा**

| धारणा | संस्थागत विद्यालय | | सामुदायीक विद्यालय | |
|---|---|---|---|---|
| | शिक्षक संख्या | प्रतिशत | शिक्षक संख्या | प्रतिशत |
| धेरै राम्रो | २ | २० | ३ | ३० |
| राम्रो | ५ | ५० | ६ | ६० |
| ठिकै | २ | २० | १ | १० |
| नराम्रो | १ | १० | ० | ० |
| धेरै नराम्रो | ० | ० | ० | ० |
| जम्मा | १० | १०० | १० | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७८*

तालिका ५.११ लाई हेर्दा संस्थागत विद्यालय अन्तर्गत वैकल्पिक शिक्षण विधिप्रति शिक्षकको धारणालाई हेर्दा वैकल्पिक शिक्षण विधि धेरै राम्रो भन्ने शिक्षक २ जना अर्थात १० प्रतिशत, राम्रो भन्ने शिक्षक ५ जना अर्थात ५० प्रतिशत, ठिकै भन्ने शिक्षक २ जना अर्थात २० प्रतिशत, नराम्रो भन्ने शिक्षक १ जना अर्थात १० प्रतिशत र धेरै नराम्रो भन्ने कुनै पनि शिक्षक नरहेको पाइयो ।

त्यस्तै सामुदायिक विद्यालय अन्तर्गत वैकल्पिक शिक्षण विधिप्रतिको शिक्षको धारणा धेरै राम्रो भन्नेमा ३ जना अर्थात ३० प्रतिशत, राम्रो भन्ने विद्यार्थी ६ जना अर्थात ६० प्रतिशत, ठिकै भन्ने शिक्षक १ जना अर्थात २० प्रतिशत, नराम्रो भन्ने शिक्षक नै पनि नरहेको पाइयो । माथिको तथ्यांकअनुसार संस्थागत र सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकको धारणालाई हेर्दा वैकल्पिक शिक्षण विधि राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

# मुख्य प्राप्ति र निष्कर्ष

यस अध्ययनमा कोभिड-१९ महामारीको समयमा स्याङ्जा जिल्ला पुतलिबजार नगरपालिकाका संस्थागत र सामुदायिक विद्यालयहरूले पठन-पाठन सञ्चालनको निम्ति अवलम्बन गरेका वैकल्पिक शिक्षण विधिहरू र तिनको प्रभावकारीताको अध्ययन गर्न केन्द्रित छ । यसले महामारी जस्तो प्राकृतिक विपत्तीको अवस्थामा विद्यार्थीहरूको सिकाई सहजिकरणमा कस्तो भुमिका खेल्यो र समग्रमा कति प्रभावकारी बन्यो भन्ने विश्लेषण गर्दै उनिहरूले भोगेका समस्याहरूको विश्लेषण गर्ने प्रयास गरेको छ ।

### ६.१ मुख्य प्राप्तिहरू:

अध्ययनका मुख्य उपलब्धिहरूलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ:

- अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा आ.ई.सि.टि ल्याब, ईन्टरनेट, विद्युत तथा प्रिन्टर जस्ता पुर्वधारहरूको सुविधा रहेको तथ्य यस अध्ययन पश्चात् प्राप्त भएको छ । तर विद्यालयमा छुट्टै आ.ई.सि.टि शिक्षकको व्यस्था भने नरहेको पाईयो । विद्यालयका आफ्नै सामाजिक संजाल खाताहरू रहेकाछन्। तर विद्यालयको आफ्नै वेभसाईट भने छैन ।
- वैकल्पिक शिक्षणमा आवश्यक पर्ने रेडियो, टि.भि., ईन्टरनेट, पत्र-पत्रिका, स्मार्टफोन तथा कम्प्युटर जस्ता विभिन्न उपकरणहरू मध्य अधिकांस विद्यार्थीहरूमा रेडियोको पहुँच कम रहेको पाईयो । आजभोलि स्मार्टफोनमानै एफ.एम. रेडियो उपलब्धहरूने हुदाँ छुट्टै रेडियो सेट नभएको हो । धेरै विद्यार्थीहरू नियमित पत्र-पत्रिकाको पहूँचमा नरहेको भेटियो ।
- संस्थागत र सामुदायीक विद्यालयमा अध्ययन गर्ने अधिकांस विद्यार्थीहरूमा स्मार्ट फोन क्रमश: ९० प्रतिशत र ८० प्रतिशत उपलब्धता रहेको छ । उनिहरू वैकल्पिक शिकाईका निम्ति ईन्टरनेट मार्फत स्मार्टफोन र कम्प्युटरको प्रयोग गर्ने गरेको पाईयो ।
- शिक्षकहरूमा संसाधनहरूको अवस्था अत्यन्तै राम्रो रहेको पाईयो । संस्थागत र

सामुदायीक विद्यालयमा अध्यापन गर्ने अधिकांस शिक्षकहरूमा स्मार्टफोन शत प्रतिशत उपलब्धता रहेको छ। वैकल्पिक शिक्षणकै लागि स्थिायी र अस्थायी प्रकारको ईन्टरनेट सुविधा लिने शिक्षकहरूको संख्या पनि शत प्रतिशत रहेको छ।

- विद्यालयहरूले वैकल्पिक शिक्षण विधिका रुपमा अनलाईन, अडियो तथा भिडियो, टेलिभिजन र रेडियो शिक्षण माध्यमलाई अपनाएको पाईयो ।
- संस्थागत र सामुदायिक दुवै विद्यालयमा अनलाईन विधिमार्फत सबै भन्दा बढि क्रमशः ५० प्रतिशत र ४० प्रतिशत विद्यार्थीहरू सहभागी भएको पाईयो । घुम्ति वा टोल शिक्षण माध्यम बाट कुनै पनि विद्यार्थी शिक्षणमा सहभागी नभएको देखियो । देश व्यापी लकडाउनको समय र कोभिड-१९ को त्रासको कारणले पनि यो विधिबाट अध्ययनमा सहभागी कम भएको बुझियो ।
- वैकल्पिक शिक्षणमा अनलाईनमार्फत सहभागि हुने अधिकांश विद्यार्थीहरूमा ग्याजेट तथा उपकरणको कारण समस्या उत्पन्न भएको पाईयो । उपकरण तात्ने र ब्याट्री चाँडो सकिने हूदा उनिहरूले सो समस्या भोगेको पाईयो । ईन्टरनेटको गति र विद्युतको निरन्तरतामा आउने अवरोध लाई पनि उनिहरूले समस्याको रुपमा लिएका छन् ।
- अध्ययनको क्रममा सहभागी संस्थागत र सामुदायीक विद्यालयका विद्यार्थीहरूले वैकल्पिक शिक्षण विधिबाट अध्ययनमा सहभागी हुँदा सन्तुष्ट रहेको र संस्थागत तथा सामुदायीक विद्यालयका क्रमशः ७४ र ८१ प्रतिशत विद्यार्थीहरूले वैकल्पिक शिक्षण विधि राम्रो मानेको पाईयो ।
- वैकल्पिक शिक्षण विधिमार्फत अध्यापन गराएका संस्थागत र सामुदायीक विद्यालयका क्रमशः ४५ प्रतिशत र ५० प्रतिशत शिक्षकहरूलाई यो विधि राम्रो लागेको पाईयो । संस्थागत विद्यालयका ५० प्रतिशत र सामुदायीक विद्यालयका ६० प्रतिशत शिक्षकलाइ भने यो विधि ठिकै मात्र लागेको पाईयो ।
- अध्ययनका क्रममा संस्थागत विद्यालयका ४० प्रतिशत र सामुदायिक विद्यालयका १० प्रतिशत अभिभावकहरू पढ लेख गर्न नसक्ने भएकाले ति अभिभावकहरूका विद्यार्थीहरूलाई शिक्षण सहजिकरणमा समस्या हुने हुँदा वैकल्पिक शिक्षणको लागी चुनौती थपिएको पाईयो ।

## ६.२ निष्कर्ष

प्रस्तुत अध्ययनमार्फत अध्ययन क्षेत्रका विद्यालयहरूमा कोभिड-१९ को समयमा प्रयोग गरिएका वैकल्पिक शिक्षणका विधि र तिनको प्रभावकारीताका बारेमा अध्ययन गरिसकेपछि उक्त क्षेत्रका विद्यालयहरूमा आ.ई.सि.टि ल्याब, ईन्टरनेट, विद्युत तथा प्रिन्टर जस्ता पुर्वधारहरूको सुविधाको अवस्था राम्रो रहेको छ ।

वैकल्पिक शिक्षण विधिको निम्ति आवश्यक पर्ने स्रोत तथा साधनमा शिक्षक तथा विद्यार्थीमा पहूँचको राम्रो अवस्था छ । परिणाम स्वरुप अधिकांस विद्यार्थीहरू अनलाईन विधिमार्फत वैकल्पिक शिक्षणमा सहभागि हुन सम्भव भएको छ ।

संस्थागत तथा सामुदायीक दुवै विद्यालयका अभिभावक हरूको शिक्षाको अवस्था राम्रो छ । अधिकांश अभिभावक साक्षर छन् । जसको कारण वैकल्पिक शिक्षण विधि प्रभावकारी बन्न मद्दत पुगेको छ । निम्न आयस्रोत भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूले केही हद सम्म स्रोत र साधनमा पहुँच स्थापनाको लागी बढी संघर्ष गर्नुपरेको देखिएको छ ।

दुवै विद्यालयका अभिभावकहरूको आर्थिक अवस्था सन्तोषजनक रहेको छ । सामुदायीक विद्यालयका सबैभन्दा बढि अभिभावकहरू नोकरीमा संलग्न छन् । संस्थागत विद्यालयका अभिभावकहरू सबै भन्दा बढि गृहणी रहेता पनि २५ प्रतिशत नोकरीमा तथा अन्य व्यवसायमा संलग्न रहेका छन् । यसले गर्दा वैकल्पिक शिक्षणको लागी आवश्यक पर्ने स्रोत साधनहरूको उपलब्धतामा सहजता थपिएको छ ।

समग्रमा वैकल्पिक शिक्षण विधिमार्फत अध्यापन गराउँदा शिक्षक र अध्ययनमा सहभागी हुँदा विद्यार्थीहरू सन्तुष्ट रहेको पाईएको छ । उनिहरूको वैकल्पिक शिक्षण विधि प्रतिको यस अवस्थाले यो विधि कोभिड-१९ जस्तो माहामारीको समयमा पनि प्रभावकारी ढंगले प्रयोगमा आएको देखिएको छ ।

आवश्यक पुर्व तयारी विना नै वैकल्पिक शिक्षण विधि मार्फत पठन पाठन सञ्चालन गरिएकोले केहि कठिनाईहरू देखिएको छ । यसले शिक्षक र विद्यार्थीहरूको विचमा सुमधुर सम्बन्ध बनाउन केही समस्याहरू परेको पाईएको छ । जसले गर्दा वैकल्पिक शिक्षण विधिको प्रभावकारीतामा केहि असर पुगेको छ ।

# सन्दर्भ सामग्रीहरू


अर्याल, जागृति (२०७७), शिक्षणमा वैकल्पिक उपायहरू: कोभिड-१९ शैक्षिक प्रणालीमा चुनौती की अवसर ? काठमाडौं : अनलाइन पत्रिका, रातोपाटी ।

काफ्ले, वेदप्रसाद (२०७९), *दुर तथा खुला शिक्षाको अवधारणा, आवश्यकता र प्रयोग, Retrived from:* https://www.setopati.com/blog/209304

घिमिरे, प्रकाश (२०२०), *सिन्धुपाल्चोकको इन्दावती गाउँपालिकाको अनलाइन अध्ययन अध्यापन सम्बन्धी सर्वेक्षण,* काठमाडौं : अनलाइन पत्रिका ।

पौडेल, विश्वराज र विनिता दाहाल (२०२०), कोरोना भाइरस : अनलाइन शिक्षाले 'डिजिटल डिभाइड बढाउँछ, तर विकल्प छैन, बीबीसी न्यूज नेपाली, Available at: https://www.bbc.com/nepali/news-52503457

जिल्ला समन्वय समितिको कार्यालय (२०७८), *संक्षिप्त परिचय,* स्याङ्जा, नेपाल, Available at: https://dccsyangja.gov.np/ne-brief-introduction/

पल, राज (२०१९), *कोभिड-१९ महामारीले नेपालको शैक्षिक क्षेत्रमा पारेको असरहरूको अध्ययन,* अनलाइन खबर पत्रिका ।

पाण्डे, प्रकाश (२०७९), *शिक्षण सिकाइमा दृष्टिकोण, नमूना विधि, रणनीति र पद्दति के के हुन् । अनलाइन न्यूज, Retrived from:* https://kharibot.com/news-details/114821/2022-07-17.

पौड्याल, अनन्तकुमार (२०७०), *शिक्षण सिकाइमा छलफल विधि,* शिक्षक मासिक, *Retrived from:* https://shikshakmasik.com/2274/esewa.com.np.

*पुतलीबजार शैक्षिक दर्पण,* (२०७५) पुतलीबजार नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, स्याङ्जा ।

महरा, राजेन्द्र (२०२०), *नेपालको शिक्षा प्रणाली, कोरोनाको प्रभाव र शिक्षण क्रियाकलापका वैकल्पिक उपायहरू,* Retrieved from: *https://educationpati.com/rajendra-mahara/*.

मोक्तान, सनजिला (२०७७), *कोभिड-१९ ले नेपालको विद्यालय शिक्षामा कस्तो प्रभाव पारेको छ ? तिमीले के सिकायौ ?* अनलाइन पत्रिका : हिमालखबर, Retrived by: https://www.himalkhabar.com/news/

मैनाली, उमेशप्रसाद (२०७७), *संघीयताको सन्दर्भमा विविधता व्यवस्थापन, https://www.opmcm.gov.np/userfiles/documents/const/diversitymgmt_fed.pdf*

रेग्मी, दिपेन्द्रराज (२०७५), सामुदायिक विद्यालयमा भर्चुअल कक्षा शिक्षणले सिकाइमा पारेको

प्रभाव, (अप्रकाशित शोधपत्र), समाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

सुवेदी, कमल (२०२०), कोभिड-१९ महामारीका कारण अनलाइन कक्षा सञ्चालनमा विद्यार्थीहरू र शिक्षाकहरूले भोगेका समस्याहरू, अनलाइन खबर पत्रिका, Available at: https://www.martinchautari.org.np/blogs/1061

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७७), *सिकाइ निरन्तरता अभियान (वैकल्पिक शिक्षा सम्बन्धी कार्यढाँचा),* नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

शिक्षा समूह (२०७६), *कोभिड-१९ को महामारीबाट बालबालिका र शिक्षकलाई हुने सम्भावित जोखिम न्यूनिकरणका साथै बालबालिकाको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न शिक्षा नियमितता गराउनका लागि तयार गरिएको कोभिड-१९, पूर्व तयारी र प्रतिकार्य योजना,* सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

*शैक्षिक सूचना* (२०७७), नेपाल सरकार शिक्षा मन्त्रालय, अनुगमन मूल्यांकन तथा निरक्षण महाशाखा ।

युनिसेफ (२०२०). *कोरोना भाइरस रोग (कोभिड-१९), कोरोना भाइरस रोगबाट कसरी आफू र अरुलाई बचाउने ?* नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालया, विश्व स्वास्थ्य संगठन, युनिसेफ ।

सिग्देल, सुदर्शन (२०७७), *नेपालमा भर्चुअल पठनपाठन, एजुकेशन पार्टी, Retrived from:* https://educationpati.com/sudarshan-sigdel/.

निरौला, बोधराज (२०७०), *दुर तथा खुला शिक्षाको अवधारणा, आवश्यकता र प्रयोग, Retrived from:*https://shikshakmasik.com/2038/

ज्ञवाली, गोकर्णप्रसाद (२०२०), मार्क्सवादी समाजशास्त्र र मानवशास्त्र : सिद्धान्त, विधि र अभ्यास, पाटन प्रज्ञा, ६(१), २०९-२२० ।

Dawadi, S. (2020). *Impact of Covid-19 on the education sector in Nepal: Challenges and Coping Strategies*. Retrived from:https://files.eric.ed.gov/fulltext/ED60989.

World Health Organzation (2020). *Impact of COVID -19 on people's livlhood*. Retrived from:https://www.who.int/news/item/13-10-2020-impact-of-covid-19-on-people's-livelihoods-their-health-and-our-food-systems.

Koirala D, Silwal M, Gurung S, Bhattarai M, Vikash Kumar KC. (2020). Perception towards Online Classes during COVID-19 among Nursing Students of a Medical College of Kaski District, Nepal. *J Biomed Res Environ Sci. 2020 Oct 30; 1(6): 249-255*. doi: 10.37871/jbres1151, Article ID: JBRES1151.

# अनुसूचीहरू

# अनुसूची १

**विद्यार्थीहरूलाई सोधिएको अन्तरवार्ता अनुसूची**

विद्यालयको नाम: ..........................................................................

१. लिङ्ग : ▢ महिला ▢ पुरुष

२. विद्यार्थीको उमेर : ▢ ५-१० ▢ ११-१४ ▢ १५-१६

३. जातियता : ▢ ब्राह्मण ▢ क्षेत्री ▢ जनजाति ▢ दलित

४. धर्म : ▢ हिन्दु ▢ क्रिश्चियन ▢ बौद्ध ▢ मुसलमान ▢ अन्य

५. माहामरीको समयमा कुन वैकल्पिक विधिद्वारा पठन पाठनमा सहभागी हुनुभयो ?

- ▢ अनलाईन
- ▢ घुम्ति वा टोल शिक्षण
- ▢ अडियो तथा भिडियो शिक्षण
- ▢ टेलिभिजन शिक्षण
- ▢ रेडियो शिक्षण
- ▢ अन्य

६. तपाई संग आफ्नै कम्प्युटर अथवा मोबाईल डिभाईस थियो वा थिएन ?

▢ थियो ▢ थिएन

७ तपाई ईन्टरनेटको पहुँचमा हुनुहुन्थ्यो वा थिएन ?

▢ थियो ▢ थिएन

८. तपाई रेडियोको पहुँचमा हुनुहुन्थ्यो वा थिएन ?

▢ थियो ▢ थिएन

९. तपाई टेलिभिजनको पहुँचमा हुनुहुन्थ्यो वा थिएन ?

▢ थियो ▢ थिएन

१०. पठन पाठनमा शिक्षकले प्रदान गरेका सामाग्री कतिको प्रभावकारी लाग्यो ?

- ▢ एकदम राम्रो ।
- ▢ राम्रो ।
- ▢ नराम्रो ।
- ▢ एकदम नराम्रो ।

११. पठन पाठनको क्रममा कुनै समस्या ?

- ☐ पऱ्यो
- ☐ केही मात्रामा पऱ्यो
- ☐ धेरै मात्रामा पऱ्यो
- ☐ परेन

१२. वैकल्पिक शैक्षिक विधिमा विद्यालय वा शिक्षकको भुमिका कस्तो लाग्यो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

१३. वैकल्पिक शैक्षिक घर परिवार तथा अभिभावकको भुमिका कस्तो लाग्यो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

१४. वैकल्पिक शैक्षिक विधिको प्रभाकारिता मुल्याङ्कन कसरी गर्नुहुन्छ ।

- ☐ एकदम राम्रो ।  राम्रो ।
- ☐ नराम्रो ।  एकदम नराम्रो ।

# अनुसूची २

## शिक्षकलाई सोधिएको अन्तरवार्ता अनुसूची

१. लिङ्ग : ☐ महिला ☐ पुरुष

२. उमेर :

३. जातियता : ☐ ब्राह्मण ☐ क्षेत्री ☐ जनजाति ☐ दलित

४. धर्म : ☐ हिन्दु ☐ क्रिश्चियन ☐बौद्ध ☐ मुसलमान ☐ अन्य

५. माहामरीको समयमा कुन वैकल्पिक विधिद्वारा शिक्षणमा सहभागी हुनुभयो ?

☐ अनलाईन

☐ घुम्ति वा टोल शिक्षण

☐ अडियो तथा भिडियो शिक्षण

☐ टेलिभिजन शिक्षण

☐ रेडियो शिक्षण

☐ अन्य

६. तपाई संग आफ्नै कम्प्युटर अथवा मोबाईल डिभाईस थियो वा थिएन ?

☐ थियो ☐ थिएन

७. तपाई ईन्टरनेट, टेलिभिजन वा रेडियोको पहुँचमा हुनुहुन्थ्यो वा थिएन ?

☐ ईन्टरनेट, ☐ टेलिभिजन

☐ रेडियोका ☐ सवै

८. तपाईमा आई.सि.टि प्रयोगको दक्षता कस्तो थियो ?

☐ सामान्य ☐ राम्रो

☐ उत्कृष्ट

९. विद्यार्थीहरूमाझ पाठ्यसामग्रीहरू कसरी सम्प्रेषण गर्नुभयो ?

☐ अनलाईन

☐ घुम्ति वा टोल शिक्षण

☐ अडियो तथा भिडियो शिक्षण

☐ टेलिभिजन शिक्षण

- ☐ रेडियो शिक्षण
- ☐ अन्य

१०. वैकल्पिक शिक्षण विधिमा विद्यार्थीको सहभागीता कस्तो लाग्यो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

११. वैकल्पिक शिक्षण विधि सम्बन्धी कुनै औपचारीक वा अनौपचारीक तालिम लिनुभयो ?

- ☐ लियौँ
- ☐ लिईएन

१२. समग्रमा वैकल्पिक शिक्षण विधिको प्रभाकारिता मुल्याङ्कन कसरी गर्नुहुन्छ ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

१३ विद्यार्थीहरूको सिकाईको मुल्याङ्कन कसरी गर्नुभयो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

# अनुसूची ३

## अभिभावकलाई सोधिएको अर्न्तवार्ता अनुसूची

१. लिङ्ग : ☐ महिला ☐ पुरुष

२. विद्यार्थीको उमेर : .........

३. जातियता : ☐ ब्राह्मण ☐ क्षेत्री ☐ जनजाति ☐ दलित

४. धर्म : ☐ हिन्दु ☐ क्रिश्चियन ☐बौद्ध ☐ मुसलमान ☐ अन्य

५. पेशा : ☐ गृहणी ☐ नोकरी ☐ व्यवसाय ☐ वैदेशिक रोजगार

६. वैकल्पिक शिक्षण विधिमा विद्यालय वा शिक्षकको भुमिका कस्तो लाग्यो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

७. वैकल्पिक शिक्षण घर परिवार तथा अभिभावकको भुमिका बारे कुनै सहजिकरण लिनु भयो?

- ☐ लियौं
- ☐ लिईएन

८ कुन वैकल्पिक विधिद्वारा पठन पाठनमा सहभागी गराउनु भयो ?

- ☐ अनलाईन
- ☐ घुम्ति वा टोल शिक्षण
- ☐ अडियो तथा भिडियो शिक्षण
- ☐ टेलिभिजन शिक्षण
- ☐ रेडियो शिक्षण
- ☐ अन्य

९ तपाई संग आफ्नै कम्प्युटर अथवा मोबाईल डिभाईस थियो वा थिएन ?

- ☐ थियो
- ☐ थिएन

१० तपाई ईन्टरनेट, टेलिभिजन वा रेडियोका पहुँचमा हुनुहुन्थ्यो वा थिएन ?

- ☐ ईन्टरनेट,
- ☐ टेलिभिजन
- ☐ रेडियोका
- ☐ सवै

११  पठन पाठनमा शिक्षकले प्रदान गरेका सामाग्री कतिको प्रभावकारी लाग्यो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

१२ वैकल्पिक शिक्षण विधि कार्यन्वयन गर्दा कुनै तवरले अन्य सुविधा प्राप्त गर्नुभयो ?

- ☐ गरियो
- ☐ गरिएन

## अनुसूची ४

## विद्यालय व्यवस्थापकलाई सोधिएको अर्न्तवार्ता अनुसूची

१. लिङ्ग : ☐ महिला ☐ पुरुष

२. उमेर :

३. जातियता : ☐ ब्राह्मण ☐ क्षेत्री ☐ जनजाति ☐ दलित

४. धर्म : ☐ हिन्दु ☐ क्रिश्चियन ☐ बौद्ध ☐ मुसलमान ☐ अन्य

५) माहामारीको समयमा विद्यालय सञ्चालन गर्नको लागी पुर्वतयारी थियो वा थिएन ?

☐ थियो

☐ थिएन

६) कोभिड-१९ माहामारीको समयमा विद्यालय सञ्चालन गर्नुभयो वा गर्नुभएन ?

☐ गरियो

☐ गरिएन

७) विद्यालय सञ्चालन गर्दा कस्ता कस्ता बैकल्पिक शिक्षण विधिहरूको प्रयोग गर्नुभयो ?

☐ अनलाईन

☐ घुम्ति वा टोल शिक्षण

☐ अडियो तथा भिडियो शिक्षण

☐ टेलिभिजन शिक्षण

☐ रेडियो शिक्षण

☐ अन्य

८) बैकल्पिक शिक्षण विधि कार्यन्वयनमा शिक्षक, विद्यार्थी तथा अभिभावकहरूलाई सहजिकरण व्यवस्था गर्नुभयो ?

☐ गरियो

☐ गरिएन

९) बैकल्पिक शिक्षण मार्फत अध्यापन गराउँदा विद्यालयले चुनौतीहरू भोग्नुपऱ्यो ?

☐ पऱ्यो

☐ केही मात्रामा पऱ्यो

☐ धैरै मात्रामा पऱ्यो

☐ परेन

१०) विद्यालयमा ईन्टरनेटको उपलब्धता ?

- ☐ पुर्ण रुपमा उपलब्ध छ ।
- ☐ अस्थाई प्रकारको उपलब्ध छ ।
- ☐ ईन्टरनेटनै उपलब्ध छैन ।

११) विद्यालयको आफ्नो कम्प्युटर अथवा आई.सि.टि ल्याबको उपलब्धता ?

- ☐ पुर्ण रुपमा उपलब्ध छ ।
- ☐ अस्थाई प्रकारको उपलब्ध छ ।
- ☐ उपलब्ध छैन ।

१२) शिक्षकहरूमा आई.सि.टि शिक्षण विधिबारे ज्ञानको अवस्था कस्तो थियो ?

- ☐ सवै जना दक्ष छन् ।
- ☐ केही मात्र दक्ष छन् ।
- ☐ कोही पनि दक्ष छैन ।

१३) वैकल्पिक शिक्षण विधि कार्यन्वयन गर्दा सरकारी तवर वाट कुनै सुविधा प्राप्त गर्नुभयो ?

- ☐ गरियो ।
- ☐ केही मात्रमा गरियो ।
- ☐ कत्ति पनि गरिएन ।

१४) विद्यालयमा छुट्टै आई.सि.टि जनशक्तिको उपलब्धता ?

- ☐ छ ।
- ☐ छैन ।

१५) वैकल्पिक शैक्षिक विधि प्रति विद्यार्थीहरूको सहभागीता तथा प्रतिक्रीया कस्तो पाउनुभयो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

१६) वैकल्पिक शैक्षिक विधि प्रति अभिभावकको प्रतिक्रीया कस्तो पाउनुभयो ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।


१७) समग्रमा वैकल्पिक शैक्षिक विधिको प्रभाकारिता मुल्याङ्कन कसरी गर्नुहुन्छ ?

- ☐ एकदम राम्रो ।
- ☐ राम्रो ।
- ☐ नराम्रो ।
- ☐ एकदम नराम्रो ।

**सहयोगको लागि धन्यवाद ।**

# अनुसूची ५

## अध्ययन क्षेत्रको नक्सा




स्रोत: https://www.nepalarchives.com/wp-content/uploads/2019/11/Putalibazar-Municipality-Shyangja-Gandaki-Province-Nepal-2048x1450.jpg